# कक्षा सातको हाम्रो नेपाली किताब र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा
विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
नेपा.शि. ५९८को प्रयोजनार्थ
तयार पारिएको

## शोधपत्र


## शोधकर्ता

शकुन्तला भट्टराई
क्याम्पस रोल नं. : २१२ (२०६६/६७)
परीक्षा क्रमाङ्क : २१४०२४४/०६७
त्रि.वि.दर्ता नं. :९-२-९-९९४-२००५
नेपाली भाषाशिक्षा विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ


२०६९/२०१२

## शोधनिर्देशकको स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा सातको "हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला" भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी शकुन्तला भट्टराईले मेरो निर्देशनमा तयार पार्नुभएको हो । कडा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको यस शोधकार्यप्रति म सन्तुष्ट रहेको छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

**मिति : २०६९ असोज**

**शोधनिर्देशक**

**प्रेमप्रसाद भट्टराई**

**सहायक क्याम्पस प्रमुख**

**सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ**

**नेपाली भाषाशिक्षा विभाग**

# कृतज्ञता

प्रस्तुत शोधपत्र मेरा आदरणीय गुरु श्री प्रेमप्रसाद भट्टराईको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । यस शोधपत्रको शीर्षक चयनदेखि शोधकार्यको सम्पादनसम्म पाएको उहाँको समुचित निर्देशन र सहयोगले गर्दा नै यो शोधपत्रले यो स्वरूप प्राप्त गर्न सकेको हो । आफ्नो कार्यव्यस्ततालाई थाती राख्दै निरन्तर रूपमा शोधपत्रलाई परिष्कार र परिमार्जन गरिदिनु भएकोमा म उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

त्यसै गरी, शोधकार्यका लागि सुझाव, सल्लाह र निर्देशन दिई सहयोग गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका नेपाली विषयका विभागाध्यक्ष श्री अमृतप्रसाद आचार्य तथा आदरणीय गुरुहरू श्री मेघनारायण श्रेष्ठ, दीपक न्यौपाने र श्री गेहेन्द्र खनालप्रति म कृतार्थ छु ।

मेरो शैक्षिक उन्नयनमा निरन्तर हौसला एवम् प्रेरणा दिई आजको यस अवस्थासम्म ल्याइपुऱ्याउन भरमग्दुर सहयोग गर्नुहुने आदरणीय बुबा माधव भट्टराई, आमा इन्दिरा भट्टराई, मेरा श्रीमान् टंक ओझा, भाई प्रेमप्रसाद भट्टराई, बहिनीहरू गीता/रेनुका भट्टराईप्रति म सदा ऋणी छु साथै अन्य परिवारजन तथा शुभचिन्तकप्रति पनि आभार प्रकट गर्दछु ।

प्रगतिपथमा आगाडि बढ्नका लागि समयमै शोधपत्र तयार पार्नुपर्छ भनी प्रेरकको भूमिका निर्वाह गर्नुहुने आत्मीय मित्रहरू सावित्रा सुवेदी र लक्ष्मी काफ्ले तथा सु.ब.क्या. परिवारलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई शुद्धसँगले कम्प्युटर टङ्कण गरिदिने टिना कम्प्युटर सेन्टर इन्द्रपुर-२ का प्रोपाइटर श्री यज्ञमणि निरौलालाई धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषाशिक्षा विभाग समक्ष पेस गरेकी छु ।

शकुन्तला भट्टराई

# शोधसार


कक्षा सातको 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्रको सार अध्यायक्रम अनुसार तल प्रस्तुत गरिएको छ ।

जम्मा पाँच अध्यायमा विभाजन गरी तयार पारिएको यस शोधपत्रको प्रथम अध्याय शोधपरिचय रहेको छ । यस अन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन, शोधका उद्‌देश्य, पूर्वकार्यको समीक्षा, अध्यायनको औचित्य, अध्ययनको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ।

दोस्रो अध्यायमा रूपक विधाको सैद्धान्तिक परिचय राखिएको छ। यस अन्तर्गत रूपक शब्दको व्युत्पति र यस अन्तर्गत नाटक, एकाङ्की, वादविवाद, संवाद, वक्तृता र मनोवादको सामान्य सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ। यसका साथै प्राथमिक तहमा रूपक विधा शिक्षण गर्दा अपनाउन सकिने विविध विधिको पनि उल्लेख गरिएको छ।

तेस्रो अध्याय भाषा पाठ्यक्रमको उद्‌देश्य र शिक्षण प्रयोजन रहेको छ। यस अन्तर्गत भाषा पाठ्यक्रमको परिचय, उद्‌देश्य, भाषा पाठ्यक्रमका साधारण उद्‌देश्य, विशिष्ट उद्‌देश्य र क्षेत्र र क्रमलाई प्रस्तुत गरिएको छ।

चौथो अध्याय रूपक विधाको तुलनात्मक अध्ययनसँग सम्बन्धित अध्याय हो । यस अन्तर्गत सुरुमा 'हाम्रो नेपाली किताब' र त्यसपछि 'नयाँ नेपाली शृङ्खला' मा समावेश गरिएका रूपक विधाअन्तर्गतका संवादको तत्त्वगत आधारमा विश्लेषण गरिएको छ। त्यसपछि भाषिक सीपका आधारमा वर्णनात्मक विधिद्वारा तुलनात्मक विश्लेषण गरिएको छ।

पाँचौ अध्याय निष्कर्ष तथा सुझावको अध्याय हो । यस अध्यायमा निर्दिष्ट दुई भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधा अन्तर्गतका पाठहरूको विश्लेषणको अलग अलग निष्कर्ष दिइएको छ । यसका साथै दुबै पाठ्यपुस्तकका रूपक विधाका सबल तथा दुर्बल पक्षहरू केलाउँदै आवश्यक सुझाबहरू प्रस्तुत गरिएको छ। त्यसपछि भावी अनुसन्धाताका लागि सम्भावित उपयुक्त शीर्षकहरू दिइएको छ र यस शोधपत्रको प्रयोजन पनि उल्लेख गरिएको छ । शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ ।

# विषयसूची

अध्याय एक


| | |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोध प्रयोजन | १ |
| १.३ समस्या कथन | १ |
| १.४ शोधको उद्देश्य | १ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ अध्ययनको औचित्य | ३ |
| १.७ अध्ययनको सीमाङ्कन | ३ |
| १.८ अध्ययन शोधविधि | ४ |
| १.८.१ सामग्री सङ्कलन विधि | ४ |
| १.८.२ तुलनात्मक विधि | ४ |
| १.९. शोधपत्रको रूपरेखा | ४ |


अध्याय दुई

रूपक विधाको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१. रूपकको परिचय र व्युत्पत्ति | ५ |
| २.१.१ वादविवाद | ६ |
| २.१.२ वक्तृता | ६ |
| २.१.३ संवाद | ७ |
| २.१.४ मनोवाद | ७ |
| २.१.५ नाटक | ८ |
| २.१.६ एकाङ्कीको परिभाषा | १० |
| २.२ कक्षा ७ को नेपाली विषयको पाठ्यक्रम : | १२ |
| २.२.१ कक्षा ७ को नेपाली भाषाको विशिष्ट उद्देश्य | १२ |
| २.२.२ विधाको क्षेत्र र क्रम | १४ |
| २.२.३ विधाका पाठहरूको वितरण | १५ |
| २.३ कक्षा ७ मा निर्धारित रूपकहरू | १६ |
| २.४ कक्षा ७ मा रूपक शिक्षणका उद्देश्यहरू | १६ |
| २.५ कक्षा ७ मा रूपक शिक्षणका विधिहरू | १८ |

अध्याय : तीन

उद्देश्य र शिक्षण प्रयोजन

३.१ 'हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकहरूको परिचय २०

३.२ पाठ्यविधाको छनोट र रूपकहरू २०

३.३ दुवै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको पाठगत अध्ययन २१

३.३.१ 'पर्यटनको महत्त्व' संवादको अध्ययन : २१

३.३.२ जागिर भन्दा व्यापार बेस वादविवादको अध्ययन २४

३.३.३ चलचित्र हेर्दाको पहिलो अनुभव' संवादको अध्ययन २६

३.३.४ सुखसयल भन्दा सादाजीवन राम्रो हुन्छ' वादविवादको अध्ययन २९

अध्याय चार

कक्षा सातका 'हाम्रो नेपाली किताव र नयाँ नेपाली श्रङ्खला' नेपाली भाषा पाठ्यपुस्तकका रूपकहरूको तुलनात्मक अध्ययन

४.१ पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण ३२

४.२ पर्यटनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव पाठहरूको तुलनात्मक विश्लेषण ३२

४.३ जागिर भन्दा व्यापार वेश र सुखसयल भन्दा सादाजीवन राम्रो हुन्छ वादविवादको तुलनात्मक विश्लेषण ३३

४.३.१ भाषिक सीप आर्जनका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण ३४

४.३.२ सुनाइ सीपका आधारमा पाठ्यवस्तुको विश्लेषण ३४

४.३.३ सुनाइ सीपका आधारमा पर्यटनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव संवाद पाठहरूको विश्लेषण ३५

४.३.४ सुनाइ सीपका आधारमा जागिर भन्दा व्यापार वेस र सुखसयल भन्दा सादाजीवन राम्रो वादविवादको विश्लेषण ३७

अध्याय : पाँच

उपसंहार तथा निष्कर्ष

५.१ हाम्रो नेपाली किताब कक्षा सातको रूपक विधा विश्लेषणको निष्कर्ष ४७

५.२ नयाँ नेपाली शृङ्खला कक्षा सातको रूपक विधा विश्लेषणको निष्कर्ष ४८

५.३ हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट विवेच्य
पाठहरूको तुलनात्मक अध्ययनको निष्कर्ष ४९
५.४ हाम्रो नेपाली किताव कक्षा सातको रूपक विधाका पाठहरूको सबल तथा
दुबल पक्षहरू ५०
५.५ नयाँ नेपाली शृङ्खला कक्षा सातको रूपक विधाका पाठहरूको सबल तथा
दुर्बल पक्षहरू ५०
५.६ सुझावहरू ५१
५.७ भावी अनुसन्धानका लागि रूपक विधाबाट लेख्न सकिने सम्बन्धित केही शीर्षकहरू ५२
सन्दर्भग्रन्थसूची
परिशिष्ट

# अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “कक्षा सातको हाम्रो नेपाली किताब र नयाँ शृङ्खला भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन” रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह (एम्.एड.) द्वितीय वर्ष ५९८ पत्रको आवश्यकता पूर्तिका निम्ति तयार पारिएको छ ।

## १.३ समस्या कथन

क) भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा कक्षा सातको हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधा समाविष्ट छन् छैनन् ?

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषा पाठ्यपुस्तक मध्ये कुनचाहिँ बढी उपयोगी छ ?

ग) यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका  पाठहरूका सबल र दुबल पक्षहरू के के छन् ?

## १.४ शोधको उद्देश्य

क) प्रस्तुत शोधपत्र भाषा पाठ्यक्रमको उद्देश्यअनुरूप रूपक विधा समावेश भए नभएको अध्ययन गर्न,

ख) भाषिक सीपका निम्ति उक्त दुई पाठ्यपुस्तकमा समावेश रूपक विधाहरू विद्यार्थीहरूका रूचि चाहना अनुरूप भए नभएको अध्ययन गर्न,

ग) यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका सबल र दुबल पक्षका बारेमा जानकारी लिई उपयुक्त सुझाव दिन ।

## १.५ पूर्वकार्यको समीक्षा

अधिकारी (२०३९) द्वारा लिखित नेपाली भाषा शिक्षण पुस्तकमा विद्यालय तहमा रूपक विधा शिक्षणको औचित्य तथा बालबालिकाको भाषिक सीप विकासमा रूपक विधाको उपयोगिताको चर्चा गरिएको छ ।

पौडेल (२०५५), द्वारा माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र वर्तमान समयको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन नामक शोधपत्रमा एउटै कक्षाको पृथक-पृथक समयका पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको समानता, भिन्नता केलाइएको यस शोधपत्रमा अभ्यासको सान्दर्भिकताका बारेमा पनि जानकारी दिइएको छ । यस शोधपत्रमा नयाँ र पुरानो पुस्तकमा समावेश गरिएका नमुना अभ्यासको सान्दर्भिकता रूपक विधा अन्तर्गतका पाठहरूको समानता भिन्नताका वारेमा जानकारी गराइएको छ ।

अधिकारी र शर्मा (२०५५) द्वारा लिखित प्रारम्भिक नेपाली शिक्षण पुस्तकमा मौखिक भाषाको जीवन्तता अनुसारको भाषा प्रयोग गर्ने क्षमताको विकास गर्नु नै रूपक विधाको मुख्य प्रयोजन भनिएको छ ।

महेन्द्ररत्न क्याम्पस ताहाचलका खनाल (२०५९) द्वारा तयार पारिएको 'कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट रूपक विधाको विश्लेषणात्मक अध्ययन नामक शोधपत्रमा रूपक विधाको सैद्धान्तिक आधारको विश्लेषण गरिएको छ । यस शोधपत्रमा निम्न माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिएका रूपक विधाले उक्त विधाका अपेक्षा पूरा गर्न सकेका छन् छैनन् भनी केलाइएको छ ।

रिमाल (२०६२) द्वारा लेखिएको नेपाली शिक्षण पुस्तकमा रूपक शिक्षणको प्रयोजन, रूपक विधा सञ्चालन गर्दा सञ्चालन गरिने कार्यकलापहरू र शिक्षण सामग्री बारे जानकारी दिइएको छ साथै विधिको वारेमा समेत सचेत गराइएको छ ।

गौतम (२०६५) को 'कक्षा सातको महेन्द्रमाला र मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन' नामक शोधपत्रमा पनि यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक ढङ्गले अध्ययन गरिएको पाइन्छ । यसैगरी दुबै पाठ्यपुस्तकमा सबल र दुर्बल पक्षलाई केलाएर उपयुक्त सुझावहरू समेत प्रस्तुत गरिएको छ ।

यसरी रूपक विधाको सन्दर्भमा अग्रज शोधकर्ताहरूद्वारा अनुसन्धान गरेको पाइए पनि निम्न माध्यमिक तहको रूपमा विधाको तुलनात्मक अध्ययन स्पष्ट रूपमा गरेको पाइदैन । अग्रजहरूको रूपक विधाको अध्ययनलाई आधार मानेर कक्षा सातको हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन गरी पाठ्यक्रमको मर्म र अपेक्षा अनुरूप रूपक विधाले सम्बोधन गर्न सके नसकेको पत्ता लगाई आवश्यक सुभाव दिन सफल हुने छ भन्ने कुराको निष्कर्ष निकालिएको छ ।

## १.६ अध्ययनको औचित्य

प्रस्तुत अध्ययन कक्षा सातको हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन शोधपत्रले अध्ययन अध्यापनमा संलग्न व्यक्तिहरू तथा विशेष गरी नेपाली भाषा शिक्षणमा संलग्न व्यक्तिहरूलाई अध्ययन कार्यमा सहयोगी सामग्रीका रूपमा प्रयोग गर्न उपयोगी भएको छ । यसका साथै रूपक विधाको अध्ययन गर्न चाहनेहरूका लागि आधार सामग्री बन्न सक्नेछ अनि शिक्षाविद्, भाषाविद् जस्ता व्यक्तिहरूलाई पनि पाठ्यक्रम निर्माणार्थ रूपक विधा सम्बन्धी आवश्यक सामग्रीका रूपमा उपयोगी बन्न सकेको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कक्षा सातको हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खलामा समाविष्ट रूपक भित्रका पाठहरूको व्याख्या विश्लेषण आदिमा सीमित रहेको छ । यस अध्ययनमा यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन गरी सबल तथा दुबल पक्ष विश्लेषणमा केन्द्रित रहेको छ । यस बाहेक अन्य पक्षहरू यसका सीमाका रूपमा रहेका छन् । यस अध्ययनमा कक्षा सातको हाम्रो नेपाली किताव भित्र रहेका नेपाल सरकार शिक्षा

मन्त्रालय पाठ्यक्रम विकास केन्द्र (२०६७) मा भएका रूपकहरू र नयाँ नेपाली शृङ्खला कक्षा सात एकता प्रकाशन (२०६४) मा रहेका रूपकहरूमा मात्र सीमित गरिएको छ ।

## १.८ अध्ययन शोधविधि

प्रस्तुत शोधपत्र तयारीका निम्ति निम्न किसिमका अध्ययन विधि अपनाइएको छ ।

### १.८.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्नको लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस तहका साथै सम्बन्धित तहका भाषा शिक्षक तथा भाषा विश्लेषकहरूका निष्कर्षहरूलाई पनि यस अध्ययनमा समाविष्ट गरिएको छ ।

### १.८.२ तुलनात्मक विधि

प्रस्तुत अध्ययनमा सामग्री विश्लेषणका लागि तुलनात्मक विधिलाई प्राथमिकता दिइएको छ । यसका साथै आवश्यकता अनुसार वर्णनात्मक तालिकीकरण साङ्ख्यिकीकरण जस्ता विधिको प्रयोग गरिएको छ ।

## १.९. शोधपत्रको रूपरेखा

शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसारका अध्ययनमा प्रबन्ध गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्यय दुई : रूपक विधाको सैद्धान्तिक परिचय

अध्याय तीन : उद्देश्य र शिक्षण प्रयोजन

अध्याय चार : कक्षा सातको हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खलामा समाविष्ट रूपक विधाका पाठ्यसामग्रीहरूको तुलनात्मक अध्ययन ।

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

# अध्याय दुई

# रूपक विधाको सैद्धान्तिक परिचय

## २.१ रूपकको परिचय र व्युत्पत्ति

रूपक शब्द संस्कृत तत्सम् शब्द हो । संस्कृत भाषाको 'रूप' धातुमा 'ष्लुव' प्रत्यय लागेर त्यसको स्थानमा 'अक' आदेश हुँदा रूपक शब्द बन्दछ । संस्कृत साहित्यमा रूपकको अर्थ दृश्यकाव्यसँग सम्बन्धित छ । भरतमुनिको नाट्यशास्त्रमा रूपकका दश भेद हुन्छन् भनिएको छ । साहित्य दर्पणकार विश्वनाथको 'साहित्य दर्पण' भन्ने ग्रन्थमा तद्रूपारोपातु रूपकम् मानिएको छ जसको अर्थ दृश्यकाव्यमा अभिनेता अभिनेतृमा रामादि र सितादि नायक-नायिकाका रूपको आरोप गरिने हुनाको यसलाई रूपक भनिन्छ । रूपकलाई दश भेद र १८ उपभेद (उपरूपक) मा विभाजन गरिएको पाइन्छ । रूपकका दश भेदमा - नाटक, प्रकरण, भाण, व्यायोग समवकार, डिम, ईयमृग, अङ्क, वीथी र प्रहसन हुन् । त्यसैगरी अठार उपरूपकहरू - नाटिका, त्रोटक, गोष्ठी सट्टक, नाट्यशसक, प्रसथानक, उब्ललप्य, काव्य, प्रेङ्खण, रासक, संलापक, स्रीगद्धित, शिल्पक, दुर्माल्लीका , प्रकरणिका, हल्लीश, भाणिका हुन् ।

वर्तमान सन्दर्भमा नेपालीभाषामा रूपक विद्याले खास गरेर भाषाको कथारूप वा मौखिक पक्षलाई जोड दिइएको पाइन्छ । अर्काको व्यवहार, रूपाकृत, चरित्र, स्वभाव, आनीबानी, अनुकरण आदि विशेषताहरूको दृश्यास्रव्यात्मक रूपमा प्रस्तुति गर्नुलाई रूपक भनिएको छ अधिकारी, २०५० : १६९) । यसले वक्ताहरूका भावना संवेग र विचारको प्रभावपूर्णढङ्गले आत्मप्रदर्शन गर्ने भएकाले यसमा भाविक पक्षमात्र सम्बन्धित नभई भाषेक्तर पक्ष/हाउभाउ, मुखाकृति, इशारा, अङ्गसञ्चालन आदिजस्ता भाषिकेत्तर पक्षको पनि उत्तिकै भूमिका रहन्छ । पूर्वीय आचार्यहरूले रूपक र नाटकलाई समानरूपमा प्रयोग गर्दै यसको विकसित र विस्तारित रूप नाटकलाई मान्दै आएको पाइन्छ ।

भाषा पाठ्यक्रममा प्रयोग गरिएका विद्याहरूमध्ये रूपक विधा पनि एक महत्त्वपूर्ण विद्या हो । पाठ्यक्रममा रूपक विधाअन्तर्गत नाटक, एकाङ्की, वादविवाद, मनोवाद, वक्तृता, संवाद आदि विधाहरूलाई समावेश गरिएको छ । तसर्थ यी विधाहरूलाई यहाँ सङ्क्षेपमा केलाउने प्रयास गरिएको छ । अभ्यासका साथै शब्दार्थ, शब्दप्रयोग, भाषातत्त्व, प्रश्नोत्तर सिर्जनात्मक पक्षमा समेत अभ्यास गराउन जोड दिइएको छ । वर्तमान सन्दर्भमा नेपाली भाषा

पाठ्यक्रमले माध्यमिक तहमा मनोवाद समावेश गरिएको छ । तर निम्न माध्यमिक तहमा मनोवाद समाविष्ट गरेको पाइदैन मनोवादमा विषयवस्तु, पात्र, परिवेश, संवेग, द्वन्द्व जस्ता स.रचक घटक रहेका हुन्छन् ।

### २.१.१ वादविवाद

कुनै निश्चित विषयका पक्ष विपक्षबाट गरिने तर्कपूर्ण प्रस्तुतीकरणलाई वादविवाद भनिन्छ (बराल र एटम २०६३:२८६) । यसमा दुइपक्ष आवश्यक मानिन्छ । आफ्ना पक्षको समर्थन, मण्डल वा पुष्टि गरिन्छ भने विपक्षका तर्कसँग असहमति वा विमति राख्दै खण्डन गरिन्छ । यसमा पक्ष र विपक्षको सिर्जनागरी तार्किक कुराहरू विवेकपूर्ण ढङ्गले अघि सारिन्छ । वादविवादप्रतियोगितात्मकरूपमा सञ्चालन गरिने हुँदा यसमा संवोधन अभिवादन प्रस्तुतीकरण, समय, विषयवस्तु आदि पक्षमा पनि ख्याल गर्नुपर्छ ।

वादविवाद भाषाको मौखिक पक्षसँग निकट रहन्छ । यसमा विषयको समर्थन गरेको कुरा पक्ष मानिन्छ भने अस्वीकार वा विरोध गरेको कुरा विपक्ष मानिन्छ । वादविवादमा शिष्टता, कलात्मकता, प्रभावकारिता, भाषिक मिठास आदि कुराको अपेक्षा राखिन्छ । वादविवादबाट विद्यार्थीहरूमा तार्किक अभिव्यक्ति दिने विचार विमर्श गर्ने निडरताका साथ भाषण गर्ने कलाको विकास हुन्छ । यसको शिक्षण कक्षाकोठामा प्रायोगिक ढङ्गले सुसञ्चालन गर्न सकिन्छ भने लिखित रूपमा मूल्याङ्कन गर्दा सम्बोधन विषयवस्तु , प्रस्तुतीकरण, खण्डन-मण्डन शिल्प तथा मौखिक अभिव्यक्तिका विविधपक्षको समग्रतामा ध्यान दिइन्छ । वर्तमान सन्दर्भमा नेपाली भाषा पाठ्यक्रममा निम्नमाध्यमिक तहको सुरूकै कक्षामा यसको समावेश गरिनु भाषा सिकाइमा महत्त्वपूर्ण पक्ष मानिन्छ । यसमा विषयवस्तु, तार्किकता, विचार, परिवेश जस्ता संरचक तत्त्वहरू रहेका हुन्छन् ।

### २.१.२ वक्तृता

कुनै निश्चित विषय वा शीर्षकमा आधारित भएर आफूले भोगेका, अनुभव गरेका आफ्नो जानकारीमा आएका तथ्यकुराहरूको प्रभावकारी ढङ्गले प्रस्तुति नै वक्तृता हो । यसलाई उकलापीय प्रस्तुति मान्न सकिन्छ । वक्तृताका पर्यायका रूपमा प्रवचन, भाषण, वाक्कौशल, वाक्पटुता, वाक्चातुर्य व्याख्यान आदिलाई लिने गरिन्छ । यो भाषाको बोलाइ पक्षसँग बढी सम्बन्धित मानिए तापनि यसले लेखाइ सीपलाई पनि कत्तिको महत्त्व दिन थालेको पाइन्छ ।

यसमा स्पष्टता, क्रमवद्धता, शिष्टता, सरलभाषा, कलात्मकशैली, मिठासपूर्ण प्रस्तुती आदि आवश्यक मानिन्छ । वादविवादमा झैं यसमा पनि विषयशीर्षक, संरचना, वन्ता, उद्देश्य, समय, संवोधन जस्ता तत्त्वहरूको विशेष ख्याल राख्नुपर्दछ । वक्तृता प्रस्तुति आदि मध्य र अन्त्यका, ढाँचामा औपचारिक र अनौपचारिक रूपमा प्रस्तुत गरिन्छ । भाषा पाठ्यपुस्तकमा वक्तुता राखिनको उद्देश्य विद्यार्थीहरूमा संवोधन कला, र्तकपूर्णअभिव्यक्ति, भाषणगर्ने क्षमतामावृद्धि, कुनैपनि विषयमा तर्कपूर्ण पुष्टिगर्ने सीप, हाउभाउ र शुद्धभाषाको प्रयोग जस्ता क्षमता रहेका छन् ।

### २.१.३ संवाद

रूप विषयमा दुई वा सो भन्दा बढी व्यक्तिका बीचमा परस्पर विचार आदान-प्रदान गर्नु नै संवाद हो । दुई पक्षका बीचको कुराकानी बातचीत, वार्तालाप, कथोपकथन वार्तालाई संवाद भनिन्छ । संवादको थालनी विन्दुमा दुई पक्षका वीच विचारमा एकाकार पाइदैन अर्थात एक पक्षका विचारमा अर्को पक्ष अन्योलग्रस्त रहेको हुन्छ विस्तारै शिलशीलावद्ध (ढङ्गले संवाद अघि बढ्ने क्रममा विविध उदाहरण तर्क गर्दै अन्त्यमा एउटै विचार र एउटै निष्कर्षमा दुवै पक्ष पुग्ने कार्य संवादमा हुने गर्दछ । सुनाइ र बोलाई दुवै सिपलाई टेवा पुऱ्याउने माध्यम संवाद भाषा पाठ्यक्रमका लागि अत्यन्त उपयोगी हुने गर्दछ । संवाद सङ्क्षिप्त, सरल, स्पष्ट, अर्थपूर्ण सन्देशमूलक हुनुपर्छ ।

### २.१.४ मनोवाद

अभिनययुक्त, द्वन्द्वात्मक, मूकआन्तरिक साहित्यक रचनालाई मनोवाद भनिन्छ । यसलाई स्वगतकथन वा एकालाप पनि भनिन्छ । पात्रले खास प्रसङ्ग वा घटना अ फैंले अनुभव गरेर र त्यस अनुभवका क्रममा उसका मनमा चलेको उथलपुथल र सांवोगिक क्रियालाई उद्घाटन गर्ने काम मनोवादले गर्दछ ।

मनोवादलाई संवाद तथा कुराकानीबाट छुट्याउने ठोस आधार मूक अभिनय हो । यसमा खास घटनाका अनुभवकर्ताको मन स्थितिलाई भावविना मूक रूपमा हाउभाउ मुखमुद्रा आदिआङ्गिक र आधार्य अभिनयद्वारा प्रकट गर्न सकिन्छ ।

खासगरी मनोवादले भाषा सिकाइमा ठुलो टेवा पुऱ्याएको हुन्छ । व्यक्तिको मनमा उब्जेका विचार स्वभाविक ढङ्गले लेखिएका यस्ता मनोवादले उसका निजी विचार, तर्क, धारणा

आदि बुझ्न मद्दत पुग्छ भने अर्कातर्फ आफ्ना निजी विचार, धारणा, अनुभव आदिलाई समेटेर कलात्मक ढङ्गले लेख्ने सीपको पनि विकास गराउन सकिन्छ ।

### २.१.५ नाटक

'नाटक' शब्द संस्कृत तत्सम शब्द हो । अभिनेय अर्थको 'नट्' धातुमा 'ण्वुल' प्रत्यय लागेर त्यसको स्थानमा 'अक' आदेश हुँदा नाटक शब्द बन्दछ । यस व्युत्पतिअनुसार 'नाटक' शब्दले अभिनेयात्मकतालाई प्रकप्ति गर्ने हुँनाले यो दृश्यकाव्य अन्तर्गत पर्दछ । त्यसैगरी अङ्ग्रेजी भाषामा नाटकलाई Drama भनिन्छ । ग्रिसेली Dram धातुमा Drama शब्द बनेको हो ।

Drama को अर्थ अभिनय, अनुकृति वा अनुकरण हुन्छ । Drama शब्दले पनि अभिनेयात्पकतालाई नै बुझाउँछ । त्यसैले पूर्वीय एवम् पाश्चात्य परम्परामा अभिनेयात्मकता लाई प्रकटित गर्ने नाटक विधा दृश्यकाव्य अन्तर्गत पर्दछ । साहित्यका विभिन्न विधाहरूमध्ये नाटक सर्वप्राचीन विधा हो भन्ने करामा पूर्व र पश्चिम दुवैतिरका विद्वानहरू सहमत छन् ।

संस्कृत साहित्यमा नाटकलाई दृश्य काव्य भनिएको छ । नाटकको उद्देश्य रसानँदप्राद र उपदेशलाई मानिएको छ । पूर्वीय आचार्यहरूले नाटकलाई चिनाउने सन्दर्भमा अत्यन्त सारगर्भिक विचारहरू प्रस्तुत गरेका छन् । यसैक्रममा भरतमुनिले नाटकलाई तीनवटै लोकको अनुकरण ठान्दै ती अनुकरण विभिन्न भाव र अवस्थाबाट सम्पन्न हुने कुरा बताएका छन् भने धनञ्जयले अवस्था विशेषको अनुकरणलाई नाटक भनेका छन् । महाकवि कालीदासले सत्व, रज र तम तीनवटै गुणको समावेश हुन्छ भन्दै नाटकलाई विभिन्न रुचि भएका मानिसलाई समान रूपले आनन्द दिने माध्यम मानेका छन् । पाश्चात्य साहित्यमा पनि नाटकलाई प्रभावकारी एवं महत्त्वपूर्ण विधाको रूपमा लिइएको छ । एरिस्टोटलले जीवनको अनुकरणलाई नाटक मानेका छन् भने सिसेरोले मानवजीवनको अनुकरण र रीतिहरूको दर्पणलाई नाटक मानेका छन् । भिक्टर छ्युगोले नाटक प्रकृति प्रतिविम्बित हुने दर्पण हो भन्दै नाटकमा प्रकृतिको प्रतिविम्वितलाई जोड दिएका छन् भने ए. निकोलले दर्शकहरूमा अभिरुचि उत्पन्न हुने गरी अभिनेताहरूद्वारा अभिनित जीवनको अभिव्यञ्जनलाई नाटक भनेका छन् । यसैगरी नेपाली साहित्यमा पनि नाटकलाई महत्त्वपूर्ण साहित्यिक विधाको रूपमा लिइएको छ । बालचन्द्र शर्माले नाटक अभिनेतोहरूले भेषभूषा रही हाउभाउ र कथोपकथनद्वारा रङ्गमञ्चमा गर्ने चरित्र, घटना आदिको प्रदर्शन हो भनेका

छन् भने केशवप्रसाद उपाध्यायले देश, काल, वातावरण विशेषसित सम्बन्धित नरनारीका जीवनलाई अभिनेता-अभिनेत्रीहरूद्वारा वार्तालाप र कार्यका भरमा अभिनय गरी देखाउने कला नै नाटक हो भन्दै नाटकलाई चिनाएका छन् ।

नाटकलाई चिनाउने क्रममा पूर्वीय एवम् पाश्चात्य साहित्यकारहरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् जुन यस प्रकार छन् :

१. तीनवटै लोकका भावको अनुकरण नाटक हो ।

- भरतमुनि

२. विभिन्न अवस्थाको अनुकरण नाटक हो ।

- घनञ्जय

३. नाटकमा सत्व, रज र तम तीनवटै गुणको समावेश हुन्छ । अतएवं विभिन्न रुचि भएका मानिसलाई समान रूपले आनन्द दिने एकमात्र माध्यम नाटक हो ।

-महाकवि कालिदास ।

४. नाटकले जीवनको अनुकरण गर्दछ र यी वर्णनात्मक नभएर अभिनेयात्मक हुन्छ ।

-एरिस्टोटल

५. नाटक मानवजीवनको अनुकरण र रीतिहरूको दर्पण हो ।

- सिसेरो

६. नाटक प्रवृति प्रतिविम्वित हुने दर्पण हो ।

- भिक्टर हयुगो

७. काव्यको सर्वगुण संयुक्त खेललाई नाट्क भनिन्छ ।

- भारतेन्दु हरिश्चन्द्र

८. नाटक देश, काल र वातावरण विशेषसँग सम्बन्धित नरनारीको जीवनलाई अभिनेता अभिनेत्रीहरूद्वारा वार्तालाप र कार्यका भरमा अभिनय गरी देखाइने कला हो ।

-केशवप्रसाद उपाध्याय

माथिका परिभाषाका आधारमा नाटकलाई यसरी परिभाषित गर्न सकिन्छ । संवाद र कथोपकथनका माध्यमबाट मानव जीवनका विभिन्न कार्यकलापको अनुकरण गरी अभिनयमुलक ढङ्गमा पाठक वा दर्शकका निम्ति प्रस्तुत गरिने मनोरञ्जनात्मकता प्रदान गर्नुका साथै मार्गनिर्देशन प्रदान गर्ने साहित्यिक विधालाई नाटक भनिन्छ । कथावस्तु, पात्र, संवाद, भाषाशैली वातावरण उद्देश्य नाटकका तत्वहरूको रूपमा रहेका छन् ।

यसरी विभिन्न विद्वानहरूले नाटकलाई आफ्आफ्नै ढङ्गले वताएका भएपनि निष्कर्षको रूपमा संवादका माध्यमबाट मानवजीवनका विभिन्न क्रियाकलापहरूको अनुकरण गरिने साहित्यको विधालाई नाटक भन्न सकिन्छ । नाटकमा कथानक चरित्र, परिवेश, संवाद अभिनाय आदि तत्वहरू रहेका हुन्छन् ।

## २.१.६ एकाङ्कीको परिभाषा

एकाङ्की शब्दको निर्माण 'एक+अङ्गी' बाट भएको पाइन्छ । यो एकै अङ्कमा बाँधिएको हुनुपर्दछ । संस्कृतमा भासको समयदेखि नै एकाङ्की लेखनको परम्परा रहेको पाइन्छ । संस्कृत साहित्यमा रूपक अन्तर्गतका अङ्क, भाण, व्यायोग, वीपी प्रहसन र उपरूप अन्तर्गतका गोष्ठी, नाट्यपरासक, उल्लाव्य, काव्य, विलासिका, हल्लीश आदि एकाङ्कीका समकक्षी मानिएका छन् (उपाध्याय, २०५२:११८) ।

एकाङ्की पश्चिमी साहित्यबाट विकसित नवीन विधा हो । पूर्वीय साहित्यमा यसको चर्चा भएता पनि वर्तमानमा प्रचलित एकाङ्की पाश्चात्य साहित्यको देन भएकोमा सबैजसो विद्वानहरूमा मतैक्य पाइन्छ । विभिन्न विद्वानहरूले एकाङ्कीलाई आ-आफ्नै तरिकाले चिनाएका छन् । वाल्टर रिचर्डएटनले आफ्नो प्रकृति र माध्यमको कठोर नियन्त्रणले गर्दा एउटै घटना वा स्थितिमा एकाङ्कीले विकसित रूप लिन्छ भन्ने विचार राखेका छन् । सिड्नी बक्सले कठोरतय ङ्कीले विकसित रूप लिन्छ भन्ने विचार राखेका छन् । सिड्नी बक्सले कठोरतय अनुशासनको पालना गर्नुपर्ने भएकाले एकाङ्कीकारले एकाङ्कीको सम्लग्नता र उद्देश्योन्मुखतामा ध्यान दिनु आवश्यक छ भनेका छन् । त्यसै गरी डा. नगेन्द्रले  एकाङ्कीमा एउटा समस्या, एउटा महत्त्वपूर्ण घटना, एउटा विशेष परिस्थिति वा कुनै एक उद्दीप्त क्षणको मात्र चित्रण हुन्छ भनेका छन् भने केशवप्रसाद उपाध्यायले एकाङ्कीमा नाटकमा जस्तो सिङ्गो जीवनको चित्रण नभइ जीवन वा परिस्थितिको उक विशेष क्षण वा घटनाको चित्रण हुन्छ भन्ने विचार राखेका छन् । मोहनराज शर्माले कथ्यको

एकोन्मुखता भएको आख्यानफरक अभिनेय र संवादात्मक लघु संरचनालाई एकाङ्की भनेका छन् ।

**एकाङ्कीका परिभाषाः**

एक अङ्कमात्र हुने एक प्रकारको दृश्यकाव्य भनी परिभाषित गरिएको छ ।

(बृहत् नेपाली शब्दकोश)

आफ्नो प्रकृति र माध्यमको कठोर निन्त्रणेल गर्दा एउटै घटना वा स्थितिमा एकाङ्कीले विकसित रूप लिन्छ ।

वाल्टर रिचर्ड एटन

एकाङ्कीमा जीवनको  क्रमवद्ध विवेचना नभएर खाली एउटा समस्या एउटा महत्त्वपूर्ण घटना एउटा विशेष परिस्थिति वा कुनै एक उद्धीप्त क्षणको चित्रण मात्र हन्छ ।

डा. नरेन्द्र

कथ्यको एकोन्मुखता भएको आख्यानपरक अभिनेय र संवादात्मक लघु संरचनालाई एकाङ्की भनिन्छ ।

मोहनराज शर्मा

माथि वर्णित एकाङ्की सम्बन्धी परिभाषाबाट यहाँ एकाङ्कीलाई यसरी चिनाउन खोजिएको छ ।

मानवजीवनका विविध घटना वा समस्या उद्घाटनका निम्ति तयार पारिएको छोटो, अभिनयमूलक हुनका साथै स्वतन्त्र किसिमको संवादात्मक रचना एकाङ्की हो ।

एकाङ्कीका संरचक अङ्गहरू नै एकाङ्कीका तत्त्वहरू हुन् यी तत्त्वहरू यस प्रकार छन् :

क) कथानक

ख) पात्र

ग) संवाद

घ) देशकाल वातावरण

ङ) उद्देश्य/विचार

च) अभिनेयता

छ) भाषाशैली

निष्कर्षमा एकाङ्की भनेको एकै दृश्य र थोरै चरित्रद्वारा संरूचित, सङ्क्षिप्त र सीमित आकारमा निर्माण गरिएको जीवन र जगतको एक पक्षीय चित्रण हो । जुन संवादात्मक र अभिनयात्मक प्रस्तुतीका साथ मञ्चन गरिन्छ ।

माथि उल्लेख गरिएका रूपकका सम्पूर्ण उपभेदहरूले विद्यार्थीहरूको भाषिक क्षमता वाक्कौशल, अभिव्यक्ति सीप विकास, हाउभाउ, मुखमुद्रा, अभिनयात्मक कलाको विकास, तर्कपूर्ण ढङ्गले खण्डन मण्डन र पुष्टी गर्ने क्षमता विकास हुने कुरामा कुनै शंका छैन । तसर्थ साना कक्षा देखि नै यसको समायोजन र क्रमशः स्तरवृद्धि हुँदै जानु आवश्यकताका रूपमा लिन सकिन्छ ।

## २.२ कक्षा ७ को नेपाली विषयको पाठ्यक्रम

पाठ्यक्रम निश्चित उद्देश्यलाई पुरा गर्न बनाउने शैक्षिक कार्यक्रम हो । यो शिक्षाको राष्ट्रिय उद्देश्यबाट निर्देशित हुने गर्दछ । विद्यालयमा पढाइने नेपाली भाषाको प्रयोजन भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै बोध र अभिव्यक्ति पक्षको विकास गर्नु हो । यसै अनुरूप कक्षा ७ को नेपाली विषयको पाठ्यक्रम तयार भएको छ । यस कक्षाको पाठ्यक्रमका विशिष्ट उद्देश्य र विधाको क्षेत्र र क्रमलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### २.२.१ कक्षा ७ को नेपाली भाषाको विशिष्ट उद्देश्य

कक्षा ७ मा नेपाली भाषाका विशिष्ट उद्देश्यहरूलाई भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) का आधारमा पुरा गर्ने लक्ष्य लिइएको छ । भाषिक सीपहरूमा सक्षम हुनु नै नेपाली भाषामा सक्षम हुनु भएकाले निम्नमाध्यमिक तहको पाठ्यक्रमले कक्षा ७ मा भाषाका चारवटा सीपहरूको विकासमा जोड दिएको छ । सुनाइ र बोलाई सीपलाई तल्ला कक्षाहरूमा बढी जोड दिइएकाले कक्षा ७ मा ती सीपहरूलाई एकैसाथ विकास गर्न खोजिएको छ । त्यसैगरी प्रा.वि. तह पार गरिसकेका विद्यार्थीहरूलाई पढाइ र लेखाइ सीपमा

बढी अभ्यास गराउनुपर्ने भएकाले ती सीपहरूलाई भिन्नाभिन्नै शीर्षकमा उल्लेख गरिएको छ जो निम्नानुसार छ :

क) सुनाइ र बोलाइ

१. उच्चारित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन ।

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

३. अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न ।

४. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन ।

५. कविता, गीत, कथा आदि आनन्दका साथ सुनी प्रतिक्रिया जनाउन ।

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन ।

७. आफुले देखेसुनेका र बुझेका वस्तु, वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न ।

८. सिलसिला र हाउभाउ मिलाई बोल्न ।

ख) पढाइ

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न ।

२. मुख्यमुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न ।

३. लिखित सामग्रीहरूको मौनवाचन गर्न ।

४. लिखित सामग्रीहरूको मौनवाचन गर्न ।

५. विभिन्न उद्देश्यले विधागत पाठहरू पढ्न ।

६. पाठमा प्रयुक्त शब्दहरूको आसय बुझी प्रयोग गर्न ।

ग) लेखाइ :

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न ।

२. लेख्यचिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न ।

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न ।

४. आफूले देखेका बुझेका वस्तु तथा घटनाहरूको लिखित वर्णन गर्न ।

५. स-साना रचनाहरू (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न ।

६) आफ्नो रुचि अनुसारका विषयमा स-साना मौखिक रचना गर्न ।

७) विशिष्ट अंशको भाव विस्तार गर्न ।

८. वाक्यमा पदसङ्गति आदि बुझी तिनको उपयक्त प्रयोग गर्न ।

९. सुनेका पढेका विषयवस्तुको सार लेख्न ।

(स्रोत : पा.वि.केन्द्र (दोस्रो संस्करण २०६५) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम )

### २.२.२ विधाको क्षेत्र र क्रम

नेपाली भाषा र साहित्य विभिन्न विधाहरूको संयोजनबाट बनेको छ । नेपाली भाषा पाठ्यक्रममा ती विधाहरूको रखाइ स्तर अनुसार क्रमवद्धढङ्गले राखिएको छ । त्यस्ता विधामा निबन्ध, प्रबन्ध, कथा, जीवनी, रूपक कविता र व्याकरणहरू पर्दछन् । प्रबन्ध वा निबन्ध विधा अन्तर्गत सामाजिक वा सांस्कृतिक, प्राकृतिक वा वातावरणीय, कलात्मक, बैज्ञानिक वा प्राविधिक र व्यवसाहिक विषयहरूलाई समेट्नुपर्ने कुरा पाठ्यक्रममा उल्लेख गरिएको छ । कथा विधा अन्तर्गत लोककथा, नीतिकथा र पौराणिक वा ऐतिहासिक कथाहरूलाई समेट्नु पर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी जीवन विधा अन्तर्गत राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त गरेका साहित्यकार र कलाकार, विद्वान विचारहरू आविष्कारक र प्रेरक व्यक्तित्वको जीवनहरूलाई पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने कुरा पाठ्यक्रममा उल्लेख गरिएको छ ।

त्यसै गरी चिठी विधा अन्तर्गत घरायसी र कार्यलयीय चिठीहरूलाई उल्लेख गरिएको छ । रूपक विधा अन्तर्गत संवाद र वादविवादलाई समावेश गर्नुपर्ने कुरा पाठ्यक्रममा उल्लेख गरिएको छ भने कविता विधा अन्तर्गत छन्दलय र लोकलयमा रूचिएका लयवद्ध कविताहरूलाई समावेश गर्नुपर्ने कुरा उल्लेख छ ।

### २.२.३ विधाका पाठहरूको वितरण

नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रमले विधाका पाठहरूको वितरण गर्दा सामान्यतया निश्चित सङ्ख्यामा निर्धारण गर्नु उपयुक्त हुनेछ भनी पाठहरूको सङ्ख्या निर्धारण गरेको छ। जसअनुसार कक्षा ७ मा कथा विधाका ६ वटा पाठहरू, कविता विधाका पाठ चारवटा , प्रबन्ध वा निबन्ध विधाका पाँच वा तीनवटा पाठहरूको वितरण गर्नु उपयुक्त हुनेछ भनी पाठ्यक्रमको व्यवस्था गरेको छ। त्यसै गरी रूपक विधाका दुई वा दुई वटा पाठहरू जीवनी विधाका चार वा ३ वटा पाठहरू र चिठी विधाका एक वा दुई वटा पाठहरू गरी जम्मा घन्टीमा वाइस वटा घटीमा वीस वटा पाठहरूको विवरण गर्नु उपयुक्त हुनेछ भनी नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रममा व्यवस्था गरिएको छ । सामान्यतया निम्नलिखित विधामा कक्षागत रूपमा निम्नानुसार पाठहरूको वितरण गर्नु उपयुक्त हुनेछ।

**विधाका पाठहरूको विवरण**

| क.सं. | विधा | पा संख्या |
|---|---|---|
| | | कक्षा ७ |
| १ | कथा | ६-६ |
| २ | कविता | ४-४ |
| ३ | प्रबन्ध/निबन्ध | ५-३ |
| ४ | रूपक | २-२ |
| ५ | जीवनी | ४-३ |
| ६ | चिठी | १-२ |
| जम्मा | | २२-२० |

समग्रमा ,विभिन्न विधाका पाठहरू समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बीच सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तर अनुरूपता, रुचिपूर्णता आदिलाई ध्यान दिइनेछ भन्ने कुरालाई पाठ्यक्रममा उल्लेख गरिएको छ।

### २.३ कक्षा ७ मा निर्धारित रूपकहरू

नेपाली भाषा पाठ्यक्रमले कक्षा ७ का लागि दुई वटा रूपक विधाका पाठहरू निर्धारण गरेको छ । यस अन्तर्गत मौखिक अभिव्यक्तिसँग संवाद र वादविवादलाई लिइएको छ । विद्यार्थीहरूको अनुभवको सेरोफेरोसँग सम्बन्धित स्तर सुहाउँदो विषयवस्तुमा आधारित भएर मौखिक अभिव्यक्तिको विविध पक्षको विकासका लागि रूपक विधाका पाठहरूको संयोजन गरिने छ भन्ने कुरालाई पाठहरूमा उल्लेख गरिनेछ ।

### २.४ कक्षा ७ मा रूपक शिक्षणका उद्देश्यहरू

रूपक शिक्षणको मुख्य उद्देश्य मौखिक अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसका अतिरिक्त क्षमताको विकास गर्नु हो । यसका अतिरिक्त रूपक शिक्षणको उद्देश्य भाषाका चारवटै सीपहरूको विकास गर्नुपनि हो । रूपकको शिक्षणबाट विद्यार्थीले अंग परिचालन गर्न, हाउभाउ प्रकट गर्न, भावाभिव्यक्तिका लागि उपयुक्त शारिरीक प्रक्रिया मिलाउन अथवा सङ्कोच हटाउन सकुन भन्ने उद्देश्य राखिएको पाइन्छ । त्यसैगरी उच्चरित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न,अरुले वर्णन गरेका कुराहरू बुझी आफ्ना शब्दमा व्यक्त गर्न, आफूले देखेसुनेका र पढेका वस्तु वातावरण तथा घटनाका विषयमा शिलशिला मिलाई मौखिक वर्णन गर्न सकुन भन्ने उद्देश्य पनि राखिएको पाइन्छ । त्यसैगरी लिखित सामग्रीलाई गति यति मिलाइ शुद्ध र पष्टसँग सस्वरवाचन गर्न, हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न सकुन भन्ने उद्देश्य पनि रूपक विधा शिक्षणले राखेको पाइन्छ । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम कक्षा ७ मा रूपक विधा शिक्षणका उद्देश्यहरूलाई उल्लेख गरिएको छ जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. विभिन्न किसिमका ध्वनिहरू सुनी तिनको पहिचान गर्न ।

२. उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन ।

३. उच्चारित शब्दहरू पहिचान गर्न ।

४. रूपक पाठका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

५. अरुले वर्णन गरेका कुराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न ।

६. रूपक विधाका पाठमा प्रयुक्त विषयवस्तुको शिलशिला मिलाई मौखिक वर्णन गर्न ।

७. रूपक विधा पाठका घटनाहरूको वर्णन गर्न ।

८. वादविवादात्मक अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न ।

९. संवादात्मक अभिव्यक्तिका मुख्य मुख्य कुराहरू बताउन ।

१०. रूपक विधाका विभिन्न मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्टा अभिनय आदिको पदर्शन गर्न ।

११. वादविवादात्मक, संवादात्मक अभिव्यक्तिलाई हाउभाउ चेष्टा अभिनय आदिको ख्याल गरी सुन्न ।

१२. कुराकानी र प्रश्नोत्तरमा भाग लिन ।

१३. संवाद, वादविवाद र छलफल सुनी तिनमा भाग लिन ।

१४. आफुले चाहेका कुरालाई शिष्ट भाषामा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले अभिव्यक्ति गर्न ।

१५. रूपक विद्याका पाठहरू पढी तिनको मुख्य मुख्य कुराहरू बताउन ।

१७. रूपक विधाका पाठहरू भावअनुसार लय, सुर र अघात मिलाई सस्वरवाचन गर्न ।

१८. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ।

१९. रूपक विधाका पाठहरू पढी शब्दमण्डार वृद्धि गर्न ।

२०. रूपक विधाका पाठका शब्द वाक्य र अनुच्छेद सुनेर लेख्न ।

२१. रूपक विधाका पाठ वा पाठका निर्दिष्ट अंश सुनी सारांश लेख्न ।

२२. रुचिअनुसारका विषयमा मौलिक संवाद रचना गर्न ।

२३. लिखित अभिव्यक्तिमा हिज्जे मिलाई शुद्ध वर्णविन्याससँग लेख्न ।

२४. वचन, लिङ्ग, पुरुष, पदसङ्गति तथा आदरका सङ्गति मिलाई वाक्य रचना गर्न ।

२५. सामान्यर्थ, इच्छार्थ,सम्भावनार्थ र सङ्केतार्थ वाक्य ढाँचासँग परिचित भई त्यस्ता वाक्यहरूको रचना गर्न ।

## २.५ कक्षा ७ मा रूपक शिक्षणका विधिहरू

कक्षा ७ मा रूपक विधा अन्तर्गत संवाद र वादविवालाई समावेश गरी अध्ययन अध्यापन गर्नुपर्ने कुरालाई पाठ्यक्रममा उल्लेख गरिएको छ । रूपक विधा पठनपाठनको मुख्य उद्देश्य विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको विकास गर्नु हो । त्यसैगरी नेपाली भाषा पाठ्यपुस्तक भित्रका रूपक विधाका पाठहरूबाट भाषाका चारवटै सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को पनि विकास गर्न सकिन्छ । कक्षा ७ मा रूपक विधाको शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिहरूको प्रयोग गरी उनीहरूलाई बढी सक्रिय बनाई मौखिक सीप विकासमा जोडदिनु पर्दछ । कक्षा ७ मा रूपक विधा अन्तर्गतका संवाद र वादविवादहरूको शिक्षण गर्दा निम्न विधिहरूको प्रयोग गर्न सकिन्छ ।

### क) कक्षा अभिनय विधि :

पाठ्यपुस्तकमा दिइएका रूपक विधाका पाठहरूलाई अभिनयात्मक ढङ्गले कक्षाकोठामा प्रस्तुत गर्ने विधिहरूलाई कक्षा अभिनय विधि भनिन्छ । यस विधिमा विद्यार्थीहरूलाई संवाद पाठमा प्रयुक्त पात्रहरूको भूमिका निर्वाह गर्न लगाएर कक्षाकोठामा प्रस्तुत गर्ने जिम्मेवारी दिइएको हुन्छ । विद्यार्थीहरूले पनि आ-आफ्नै पालोमा गति, यति र आघात मिलाई सस्वरवाचन गर्दछन् । यस विधिबाट विद्यार्थीहरूर्ला वादविवाद पाठमा प्रयुक्त पात्रहरूको भूमिका निर्वाह गर्न लगाएर कक्षा कोठामा अभिनयात्मक ढंगले सस्वरवाचन गर्न लगाउन सकिन्छ । यस विधिबाट विद्यार्थीहरूको सुनाई बोलाइ, पढाइ, सीपको प्रयाप्त मात्रामा विकास हुने देखिन्छ । यस विधिबाट विद्यार्थीहरूलाई उपयुक्त गृहकार्य दिएर लखाई सीपको पनि विकास गराउनसकिन्छ ।

### ख) रङ्गमञ्च अभिनय विधि :

यस विधिलाई प्रयोग विधि पनि भनिन्छ । रूपक विधाका पाठहरूलाई कक्षाकोठामा अभिनय गर्ने बारम्वार अभ्यास गराइसकेपछि औपचारिक कार्यक्रमका रूपमा रङ्गमञ्चमा अभिनय गरी देखाउन सकिन्छ । यस विधिमा विद्यार्थीहरू बढी सक्रिय र उत्सुक पनि हुन्छन् । यस विधिबाट विद्यार्थीहरूले सुनाइ सीपको साथै निर्धक्कसँग बोल्ने क्षमताको विकास हुन्छ । त्यसैगरी शिक्षकको कुशलता अनुसार यस विधिबाट विद्यार्थीहरूले पढाइ र लेखाइ सीपको पनि विकास हुनसक्ने देखिन्छ ।

**ग) आदर्श नाट्य विधि :**

यस विधिमा शिक्षकको प्रमुख भूमिका रहन्छ । शिक्षकले संवाद वा वादविवाद पाठमा प्रयुक्त सबै पात्रहरूले अभिनय गर्दछन् । सबै स्थानमा आवश्यकता अनुसार ध्वनि परिवर्तन गरेर तथा अङ्गप्रत्यङ्गको सञ्चालन गरेर शिक्षक स्वयम्ले सबै पात्रहरूको आभास हुने गरी उच्चारण गर्दछन् । यो विधि संवाद वा वादविवाद शिक्षणका निम्ति उपयुक्त र प्रभावकारी विधि भने होइन किनकी यस विधिमा विद्यार्थीहरूको सक्रियता रहदैन । तर शिक्षकले सर्वप्रथम उदाहरणको रूपमा यस विधिको प्रयोग गरीसकेपछि अन्य विद्यार्थी केन्द्रित विधिहरूले प्रयोग गरेको खण्डमा रूपक विधाको शिक्षण प्रभावकारी हुन्छ ।

**घ) संयुक्त विधि :**

यस विधिमा शिक्षक सर्वप्रथम रूपक विधाका पाठहरूको वाचन गर्दछन् र त्यसपछि विद्यार्थीहरूलाई पात्र अनुसार वाचन गर्न लगाउछन् । यो विधि आदर्श नाट्य विधिमा पाइने दोषहरूलाई हटाएर र कक्षाभिनय विधिमा पाइने गुणहरूको अनुशरण गर्दै शिक्षण गर्ने विधि हो । यस विधिबाट विद्यार्थीहरूको सुनाइ, बोलाइ र पढाइ सीपको विकास हुने देखिन्छ ।

रूपक विधाको मुख्य प्रयोजन मौखिक अभिव्यक्ति क्षमताको विकास गर्नु भएपनि यस विधिबाट बोध र लिखित अभिव्यक्तिका साथ भाषाशैलीको अनुभव बढाउन पनि सकिन्छ । यसका लागि बोध सम्बन्धी कार्यकलाप गराउनु पर्दछ । त्यसो गर्दा विद्यार्थीहरूलाई पाठ पढ्न लगाई सारांश भन्न वा लेख्न, बुँदा टिपोट गर्न, प्रश्नोत्तर गर्न र पाठमा प्रयुक्त शब्दहरूको अर्थ बताउन लगाउनु उपयुक्त हुन्छ ।

यसरी कक्षा ७ मा रूपक विधाको शिक्षण गर्दा कुनै एउटा विधिको मात्र प्रयोग नगरी आवश्यकता अनुसार विभिन्न विधिहरूको प्रयोग गर्दै विद्यार्थीहरूको भाषिक क्षमताको विकास गराउनु पर्छ ।

# अध्याय : तीन

# उद्देश्य र शिक्षण प्रयोजन

## ३.१ 'हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकहरूको परिचय

कक्षा सातको 'हाम्रो नेपाली किताव' नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०५९) द्वारा प्रकाशन गरिएको हो । यो पुस्तकको प्रयोग देश भरक सामुदायिक विद्यालयहरूमा भइरहेको छ । कक्षा सातकै 'नयाँ नेपाली शृङ्खला' भाग-७ एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. थापाथली काठमाडौ (२०६३) द्वारा प्रकाशित भएको हो । यस पुस्तकका लेखक तथा सम्पादकहरू डा. महादेव अवस्थी, डा. पारसमणि भण्डारी, लेखराज खतिवडा तथा दुर्गाप्रसाद नेपाल रहेका छन् । यस पुस्तकलाई कतिपय विद्यालयहरूले प्रयोगमा ल्याएका छन् ।

## ३.२ पाठ्यविधाको छनोट र रूपकहरू

कक्षा सातको 'हाम्रो नेपाली किताब' पाठ्यपुस्तक भित्र कथा, कविता, प्रबन्ध/निबन्ध, रूपक, जीवनी र चिठी जस्ता भाषिक विद्याहरू छनोट गरिएका छन् । उक्त विधाहरूमध्ये निम्न पाठहरू रूपक विधाका पाठहरू हुन् :

१. पर्यटनको महत्त्व । (संवाद)

२. जागिरभन्दा व्यापार बेस । (वादविवाद)

त्यसैगरी कक्षा सातको 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्र पनि कथा, कविता, प्रबन्ध/निबन्ध, रूपक, जीवनी र चिठी जस्ता भाषिक विधाहरू छनोट गरिएका छन् । उक्त विद्याहरू मध्ये निम्न पाठहरू रूपक विधाका पाठहरू हुन् ।

१. चलचित्र हेर्दाको पहिलो अनुभव (संवाद)

२. सुखसयल भन्दा सादाजीवन राम्रो हुन्छ (वादविवाद)

### ३.३ दुबै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको पाठगत अध्ययन

रूपक विधा अध्ययनको मुख्य उद्देश्य मौखिक अभिव्यक्ति क्षमता बढाउनु हो । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा रूपक विधाको शिक्षण गर्दा परिस्थिति, पात्र तथा भावानुकुल वाचन अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनु पर्दछ भनिएको छ । त्यसै अनुरूप रूपक विधाका पाठहरूको विस्तृत अध्ययन आगामी शीर्षकहरूमा गरिएको छ ।

#### ३.३.१ 'पर्यटनको महत्त्व' संवादको अध्ययन

यो पाठ सामुदायिक विद्यालय कक्षा ६ को 'हाम्रो नेपाली किताब' विषयभित्र समाविष्ट रूपक विधा अन्तर्गतको संवाद पाठ हो । यस पाठले विभिन्न ठाउँमा घुमेर नयाँ संस्कृति र नयाँ परिवेश बारे थाहा पाउन  सकिन्छ भन्ने शिक्षा दिएको छ । अब 'पर्यटनको महत्त्व' पाठको संरचक तत्वका आधारमा निम्नानुसार व्याख्या गरिन्छ :

**क) शीर्षक :**

शीर्षक पाठको गोरेटो हो । जसबाट पाठका कुना-कुनामा पुग्न सकिन्छ । यस पाठको शीर्षक 'पर्यटनको महत्त्व' पाठको उद्देश्यका आधारमा सार्थक छ । यसपाठमा सानु हरेक विषयमा तर्क गर्न चाहाने र नानु चाँही शिक्षक र साथीहरूबाट धेरै कुरा सिकेर ज्ञान बढाउन पात्रका बीचको गफ रहेको छ । उनीहरूको गफ पर्यटन व्यवसायले देशमा पार्ने आर्थिक प्रभाव बारे जानकारी गराएर टुङ्गिएको छ ।

नानु -सानु मलाई त घुमफिर गर्नैपर्छ भन्ने लाग्छ । नयाँ नयाँ कुरा देख्न पाइन्छ नयाँ संस्कृति, नयाँ परिवेश बारे थाहा पाउदाकस्तो रमाइलो हुन्छ, यसैका लागि कति पर्यटकहरू हाम्रो नेपालमा आउँछन् ।

सानु : पर्यटनको महत्त्व के हो त?

नानु : पर्यटक आउँदा मुख्यतः हामीलाई आर्थिक फाइदा हुन्छ । उनीहरूले नेपालमा बस्दा, खाँदा, डुल्दा विदेशी मुद्रा खर्च गर्छन् । विदेशी मुद्रा आर्जनबाट देशको उन्नती हुन्छ । उनीहरूसँगको घुलमिलले संस्कृति, सभ्यता, विज्ञानप्रविधि आधुनिकताको साटासाट हुन्छ ।

उपयुक्त संवादले पाठको शीर्षकलाई सार्थक तुल्याएको छ । मौखिक अभिव्यक्तिको क्षमता विकासका निम्ति चयन गरिएको यस पाठको शीर्षक पाठ्यक्रमको उद्देश्य अनुरूप सार्थक रहेको छ ।

**ख) पाठ्यवस्तु :**

यस पाठको पाठ्यवस्तुले विशेष गरी नेपालको पर्यटन व्यवसायलाई महत्त्व दिएर अगाडि बढेको छ । यस पाठमा दुई जना विद्यार्थीहरू बीचमा कुराकानी भइरहेको छ । यस पाठकी केन्द्रिय पात्र नानुले पर्यटनको महत्त्व बारे जानकारी उनकी साथी सानुलाई दिदै पर्यटन व्यवसायले हाम्रो देशमा पारेको आर्थिक प्रभाव त्यहाँ रहेका नदी नाला, दुबल जीवजन्तु,तालतलैया, चराचुरुङ्गी आदिको पनि वर्णन गरेकी छिन यस कुराको जानकारीबाट सानुपनि अन्त्यमा स्पष्ट भएको कुराको जानकारी यहाँ गराइएको छ ।

**ग) पात्र :**

यस संवाद पाठका प्रमुख पात्रहरू नानु र सानु हुन् । पाठको मुख्य भूमिका निर्वाह गर्न नानु र सानुको सङ्क्षिप्त चरित्र चित्रण निम्नप्रकार छ :

१. नानु : नानु यस पाठकी मिहिनेती पात्र हो । उ विभिन्न ठाउँको भ्रमण गरेर जानकारी प्राप्त गर्न चाहान्छे उसले विद्यालयको खाजा खाने छुट्टीमा प्राङ्गणमा बसेरआफ्नी विद्यार्थी साथी सानुलाई पर्यटनको महत्त्व यस्तो रहेको छ । पर्यटन व्यवसायले हाम्रो देशमा हुने आर्थिक उपलब्धीहरू यस्ता रहेका छन् भन्ने बारेमा जानकारी गराएकी छे । उक्त संवादबाट नै पाठको सार्थकता झल्किएको छ ।

२. सानु :

यस संवादकी अर्की पात्र सानु हो । उसलाई सुरुमा पर्यटनको महत्त्व बारे केही पनि जानकारी छैन तर उसकी सहपाठी मित्र नानुको यसको बारेमा जानकारी दिनथाले पछि उ जिज्ञासु पात्रको रूपमा अभिएकी छे । नेपाली पर्यटकहरू त देशका विभिन्न ठाउँ हेर्न देशभर घुम्छन् । विदेशी पर्यटक चाही नेपालमा खास के का लागि आउँछन् नि ? बताउन नानु भन्ने भनाइले उसलाई जिज्ञासु पात्र भन्ने कुराको प्रमाण देखाएको छ । सानु यस संवादकी

गतिशील पात्र हो नानुको संवादबाट यसको विचारमा धेरै कुराको जानकारी प्राप्त भएर परिवर्तन आयो ।

**घ) परिवेश**

यस संवादको स्थलगत परिवेश हेर्दा एउटा कुनै विद्यालयको प्राङ्गणलाई आधार बनाइएको छ । उक्त विद्यालयमा अध्यायनरत दुईजना छात्राहरूको माध्यमबाट संवाद अगाडि बढेको छ। टिफिनको समय भएकाले विद्यार्थीहरू कोही खाजाखाइरहेका छन् त कोही खेलीरहेका छन् । विद्यालय वरिपरीको रमाइलो वातावरण र विभिन्न प्रकारका फूलहरू बगैचामा फुलिरहेको अवस्था साथै वसन्त ॠतुको पनि गफ भएको छ ।

**ङ) भाषाशैली**

यस पाठमा प्रयोग गरिएको भाषा विद्यार्थीको स्तर अनुरूपकै छ । संवादका क्रममा कथ्य लेख्य दुवै प्रकारका शब्दहरूको प्रयोग गरिएको छ । संवादको शैली कक्षा सातका विद्यार्थीको स्तर, स्वभाव र रुचि अनुसारकै देखिन्छ । न्यापिटिङ, बन्जी, पथप्रदर्शक जस्ता स्तरीय शब्दहरू प्रयोगमा आएका छन् ।

**च) संवाद/द्वन्द्व**

संवाद रूपक विधाको मुटु हो । यस पाठमा नानु र सानु बीच संवाद भएको छ । संवादमा द्वन्द्व रहन आवश्यक छ । यस पाठमा आन्तरिक वाध्य दुवै प्रकारका द्वन्द्व देखिन्छन् । नानु र सानुको संवादका क्रममा वाह्य द्वन्द्व चलेको छ भने नानुको अर्न्मनमा चलेको द्वन्द्व आन्तरिक द्वन्द्व हो ।

**छ) उद्‌देश्य**

यस पाठको उद्‌देश्य भाषिक सीपका अतिरिक्त बालबालिकाहरूलाई पर्यटन व्यवसाय कस्तो व्यवसाय हो हाम्रो देशमा यो व्यवसायको कति प्रभाव परेको छ साथै हाम्रो देशमा भ्रमणका शिलशीलामा देखापर्ने विभिन्न हिमशृङ्खला नदीनाला लोप हुन लागेका जीवजन्तु चराचुरुङ्गी आदिको संरक्षणमा ध्यान दिएर विदेशीहरूलाई नेपाल आउन प्रोत्साहन गर्ने कुरामा विद्यार्थीहरूको ध्यानाकर्षण गर्नु रहेको छ ।

### ३.३.२ जागिर भन्दा व्यापार बेस वादविवादको अध्ययन

यो पाठ वादविवाद हो । यो पाठ हाम्रो नेपाली किताब कक्षा सातमा समाविष्ट छ । यसले जागिर भन्दा व्यापार बेस भन्ने वादविवाद पेस गरेको छ । यहाँ जागिर र व्यापार बीच तुलनात्मक नापजोख गरी व्यापारलाई उत्तम भन्ने अर्थ शीर्षक रखाइले दिएको छ ।

**क) विषयवस्तु**

यस पाठको विषयवस्तु जागिर र व्यापार बीचको तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवादमा आफ्ना विषयको समर्थन र पुष्टि गरिन्छ भने विपक्षबाट भनिएका तर्क र प्रस्तुतीको खण्डन वा असहमत राखिन्छ । यस पाठमा पक्षका तर्कबाट गंगाराम यादव र डोल्ला शेर्पा वक्ता छन भने विपक्षको तर्फबाट नरेश श्रेष्ठ र कुसुम वराइली रहेका छन् । जीवनयापनका लागि व्यापार र जागिर दुवै आ-आफ्नो वादविवादको धर्म पाठको विषयवस्तु वा शीर्षक रखाइले निभाएको छ ।

**ख) वक्ता**

विषयवस्तुको भूमिका निर्वाह गर्ने चरित्र नै त्यस पाठसँग सम्बन्धित पात्र, चरित्र वा वक्ता हुन् । संवाद विधामा भूमिका निर्वाह गर्न आउने पात्र भएझैं वादविवादमा भागलिने चरित्रलाई वक्ता भनिन्छ । यस वादविवादमा भागलिने वक्ता र तिनीहरूका वारेमा निम्नानुसार चिनारी गरिएको छ ।

१. गंगाराम यादव

ऊ यस वादविवादको पहिलो वक्ता हो । उसले विषयको पक्षबाट आफ्ना गहकिला तर्क प्रस्तुत गरेको छ । उ भन्छ "व्यापार गर्नेहरूले कसैको डरधाकमा बस्नु पर्दैन स्वतन्त्रता पूर्वक आफ्नो व्यवसाय गर्न सक्छन्" । सबैको हितहुने कुरामा लागि पर्दै आनन्दित मनले बाँच्नु नै वास्तविक सुरु हो र यस्तो सुख व्यापार व्यवसायमा मात्र हुन्छ भन्नु उसको निचोड रहेको छ ।

२. नरेश श्रेष्ठ

यस वादविवादको दोस्रो वक्ता नरेश श्रेष्ठ हो । उसले विषयको विपक्षमा आफ्ना गहकिला तर्कहरू अघि सारेको छ । उसको तर्कले जागिरे जीवनलाई सुखी जीवन हो भन्ने कुरालाई

जोड दिएको छ । उ भन्दा “दिन रात पसल कुर, सामानको भाउ बढ्यो कि घट्यो, नाफा छ कि नोक्सान त्यसैको चिन्ताले गर्दा व्यापारीलाई साह्रै दुःख हुन्छ त्यसैले व्यापार राम्रो होइन, जागिरे जीवनमा सफा लुगा लगाएर चिटिक्क परी कार्यालय जाँदा बाटामा पाइने अभिवादन फर्काउँदै हिड्दा, फेरी सफा मेचमा वस्दा कति आनन्द हुन्छ त्यसैले जागिर नै सुखी हुन्छ” । ऊ आफ्ना विषयमा बलिया र गहकिला तर्क तार्किक ढङ्गले राख्न सफल देखिन्छ ।

३. डोल्मा शेर्पा

ऊ यस वादविवाद प्रतियोगिताको विषयको पक्षबाट बोल्ने वक्ता साथै यस कार्यक्रमको पक्ष तर्फको अन्तिम वक्ता हो । उसले व्यापार व्यवसाय नै सुखी हुन्छ भन्ने पक्षमा आफ्नो तर्क पेश गरेकी छ । भौतिक रूपले सम्पन्न हुने वित्तिकै मानिस सुखी हुन्छ भनेर भन्न सकिदैन । वास्तवमा भित्रै देखि नै सुख र सन्तोषको अनुभव गर्न नसक्ने मानिसलाई सुखी भन्न सकिदैन चट्ट परेर अफिस आएर मेचमा बसेको भरमा मानिस सजिलै सुखी हुँदैन भन्ने तर्क राखेकी छे ।

४. कुसुम बराइली

यस वादविवाद प्रतियोगिताको विषयको अन्तिम वक्ताको रूपमा कुसुम बराइली प्रकट भएकी छे । उसले विषय विपक्षमा आफ्ना गहकिला तर्कहरू अघि सारेकी छे । उसले जागिरे जीवन सुखी हुन्छ भन्ने कुरालाई जोड दिएकी छे । ऊ भन्छे “जागिर खाई आफ्नो सीमित आयमा सन्तोष मान्ने जागिरेको जीवन असल लाग्छ । ” ऊ आफ्ना विषयमा बलिया र गहकिला तर्क तार्किक ढङ्गले राख्न सफल देखिएकी छे ।

**ग) तार्किकता**

वादविवादमा तार्किक प्रस्तुती अनिवार्य मानिन्छ । पक्ष र विपक्ष तर्कपूर्ण भनाइ खण्डन् एवम् मण्डन वादविवादका अपरिहार्य तत्व हुन् । तार्किक प्रस्तुतिका लागि यो पाठ उपयुक्त रहेको छ । वाक्य गठनगत आधारमा यस पाठमा प्रयोग भएका वाक्यहरू केही लामा भएको विद्यार्थीको स्तर अनुरूप हुन नसके जस्तो देखिन्छ ।

**घ) संरचना**

संरचनाले त्यस विधाको बनावटलाई जनाउँछ । अन्य विधामा जस्तै वादविवाद पनि आदि, मध्य र अन्त्यको ढाँचामा संरचना निर्माण भएको हुनुपर्छ । यस जागिर भन्दा व्यापार वेस भन्ने पाठको आदि, मध्य र अन्त्यको संरचनागत ढाँचा निम्नानुसार देखाउन सकिन्छ :

| आदि | मध्य | अन्त्य |
|---|---|---|
| कायक्रम सुरुहुनु पूर्वको सम्पूर्ण व्यवस्थापन | भागलिने वक्ताका तर्कपूर्ण भनाइ राखिएको अवस्था | निर्णायक मण्डलको निर्णय |
| सभा सञ्चालनमा गरिएको तयारी | खण्डन-मण्डन | पुरस्कार वितरण |
| भागलिने वक्ता सुन्ने र हेर्ने दर्शक आदिको जमघट | सहभागि सबै वक्ताहरूका प्रस्तुतीकरण | सभापतिको सभा विसर्जन |

**ङ) परिवेश :**

यस पाठको परिवेश विद्यालय रहेको छ । विद्यालयमा अतिक्ति क्रियाकलाप अन्तर्गत वादविवाद सञ्चालन गरिएको छ । विद्यालयका सबै शिक्षकहरू मञ्च प्रतियोगी विद्यार्थीहरू मञ्चको छेउमा र बाँकी सबै विद्यार्थीहरू विद्यालयको चौरमा बसेकोले कार्यक्रम स्थल रमाइलो देखिन्छ समयगत परिवेश लगभग एक घण्टाको सेरोफेरोलाई लिन सकिन्छ ।

**च) विचार/उद्देश्य**

वादविवाद प्रतियोगिताको माध्यम भाषिक सीपको विकास गर्नु यस पाठको पहिलो उद्देश्य हो । त्यसका अतिरिक्त व्यापार र जागिर दुबै सुखी हुन । यिनीहरूप्रतिको हाम्रो दृष्टिकोण मात्र पुरक हो भन्ने कुरा देखाउँदै दुबै प्रकारको जीवनशैलीलाई सम्मान गर्ने नागरिक उत्पादन गर्नु यस पाठको अर्को उद्देश्य हो ।

**३.३.३ चलचित्र हेर्दाको पहिलो अनुभव' संवादको अध्ययन**

संस्थागत विद्यालयको पाठ्यांशमा राखिएको नयाँ नेपाली शृङ्खला भित्र चलचित्र हेर्दाको पहिलो अनुभव' पाठ रूपक विधा अन्तर्गत समावेश गरिएको छ । यो पाठ विषयसूचिमा

संवाद भनेर राखिएको छ । विदुर भन्ने पात्र गाउँबाट घुमफिर गर्नका लागि सहर गएको र सहरको प्रभाव उसलाई परेको भन्ने कुरा देखाउनु यस संवादको मुख्य उद्देश्य रहेको छ । यस संवाद अन्तर्गत तीन जना पात्रहरूका वीचको कुराकानीलाई प्रस्तुत गरिएको छ ।

**क) शीर्षक**

यस पाठको शीर्षक 'चलचित्र हेर्दाको पहिलो अनुभव' रहेको छ । यस संवादमा विदुर भन्ने एउटा गाउँले केटोले सहरमा गएर चलचित्र हेरेको र त्यहाँ चलचित्रको विकास कहिले कसरी भएको थियो त्यसका लागि कलाकारहरू कस्ता छाँनिदा रहेछन्, चलचित्र कस्ता कस्ता प्रकारका हुन्छन् भन्ने बारेमा स्पष्ट पारेको छ । यस संवाद अनुसार एउटा गाउँले केटाले सहर गएर पहिलो पल्ट चलचित्र हेर्दाको अनुभव साथीहरूलाई पेश गरेको हुँदा यो शीर्षक सार्थक छ ।

**ख) पाठ्यवस्तु**

यस पाठको पाठ्वस्तु आधुनिकतामा रमाएर सहरको समभ्रूम वातावरण उल्लेख गरिएको छ। यस पाठमा गाँउकै एउटा चौतारोमा तीन जना साथीहरू बीच चलचित्रको विषयमा भएको कुराकानीलाई उल्लेख गरिएको छ । चलचित्रको विकास कहिले कसरी भएको थियो पहिलो पटक चलचित्र हेर्दा विदुरलाई कस्तो अनुभव भयो भन्ने बारे आफ्नो अनुभवहरू आफ्ना साथी महेश र मनोजलाई सुनाएको पाठ्यवस्तु साथी-साथी कै अनुभवको सेरोफेरोमा समेटिएको छ ।

**ग) पात्र/चरित्र**

यस संवादमा तीनपात्रका बीचमा भएको कुराकानीलाई लिइएको छ । पात्र अन्तर्गत विदुर, मेहश र मनोज रहेका छन् । यहाँ मुख्य पात्रका रूपमा विदुर रहेको छ ।

१. विदुर

विदुर यस संवादको प्रमुख पात्रका रूपमा रहेको छ । यस पाठको शीर्षक चलचित्र हेर्दाको पहिलो अनुभवलाई यसले सार्थक बनाएको छ । विदुर गाउँले केटोको रूपमा परिूचित भएता पनि दुईदिनको लागि ऊ सहर गएको र त्यहाँ चलचित्र हेरेर चलचित्र सम्बन्धि राम्रो

जानकारी प्राप्त गरेको छ । त्यही अनुभव उसका साथीहरूलाई सुनाएको संवादबाट नै पाठको सार्थकता झल्किएको देखिन्छ ।

२. महेश

चलचित्र हेर्दाको पहिलो अनुभव भन्ने संवादमा महेश जिज्ञासु पात्रको रूपमा परिचित छ । ऊ गाउँबाट सहर कहिल्यै नपसेको हुँदा विदुरले सहरीवातावरणको र चलचित्र हेर्दाको अनुभव सुनाउँदा जिज्ञासु भएर अगाडि बढेको छ ।

३. मनोज

मनोज यस संवादको जिज्ञासु पात्रका रूपमा आएको छ । विदुरले आफ्नो अनुभव बताउदा उसलाई पनि धेरै कुराको जानकारी प्राप्त गर्न चाहेको छ ।

**घ) परिवेश**

यस संवादको स्थलगत परिवेशलाई हेर्दा एउटा गाउँको चौतारोलाई उल्लेख गरिएको छ । गाउँमा रहेको तीनजना साथी हरूका माध्यमबाट संवाद अगाडि बढेको छ ।

**ङ) भाषाशैली**

यस पाठमा प्रयोग गरिएको भाषाशैली कक्षा साताका विद्यार्थीहरूको स्तर अनुरूप नै छ । संवादका क्रममा प्रयोग गरिएका भाषा कथ्य भाषा भएकाले जीवन्त बनेको देखिन्छ । संवादका क्रममा प्रयोग गरिएको शैली पात्र अनुरूप उपयुक्त देखिन्छ । पाठमा प्रयोग गरिएका शब्दहरू पात्रको भूमिका अनुसारकै छन् ।

**च) संवाद/द्वन्द्व**

पाठमा पात्रहरूबीच भएको संवाद कक्षा सातका विद्यार्थीहरूको स्तर अनुरूपकै देखिन्छ । यहाँ विद्यार्थीहरूको क्षमता अनुरूप मौखिक रूपमा अभिनेयात्मक ढङ्गले पढ्न सकिने देखिन्छ । यस संवादमा पात्रअनुसारको संवाद प्रयोग उपयुक्त देखिन्छ ।

**छ) उद्देश्य**

यस पाठमा चलचित्र हेर्ने मनोरञ्जन गर्ने मात्र होइन त्यसको स्थापना, अवस्था, पात्र प्रयोगको तरिका कस्ता चलचित्र हेर्नु फाइदाजनक हुन्छ आदि बारेमा जानकारी गराउनु पनि हो । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएको यो पाठको उद्देश्य विद्यार्थीहरूको मौखिक सीपको विकासका साथै भाषिक सीपहरूको विकास गर्नु पनि हो ।

**३.३.४ सुखसयल भन्दा सादाजीवन राम्रो हुन्छ' वादविवादको अध्ययन**

यो पाठ वादविवाद हो । कक्षा सातमा नयाँ नेपाली श्रृङ्खला भित्र यो पाठ समावेश गरिएको छ । यस पाठको शीर्षकले सुखसयल भन्दा सादाजीवन राम्रो हुन्छ भन्ने कुराको आभाष दिएको छ ।

**क) विषयवस्तु एवम् शीर्षक**

यस पाठको विषयवस्तु सुखसयल र सादाजीवन बीच तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवाद कुनै एक शीर्षकमा पक्ष र विपक्षका बीचमा आफ्ना विषयलाई मूल्यवान, महत्त्वपूर्ण र ठूलो देखाई विपक्षका विषयमा खण्डन तार्किकताका आधारमा खेलिने वाक्ययुद्ध हो भनी परम्पराले देखाउँदै आएको छ । वादविवादमा पक्षका तर्फबाट अञ्जु कार्की र किरण अवस्थी वक्ता छन् भने विपक्षका तर्फबाट सम्पूर्ण तुलाधर, सिर्जना शर्मा वक्ता छन् । सहजरूपले जीवनयापन गर्नका लागि सुखसयल र सादाजीवन दुवैको महत्त्वपूर्ण भुमिका हुन्छ भन्ने कुरामा कसैको दुईमत पाइदैन । त्यसैले वादविवादको विषयवस्तु एवम् शीर्षक तार्किक प्रस्तुतिका लागि उपयोगी रहेको छ ।

**ख) वक्ता**

वादविवाद पाठमा प्रतियोगी छात्रछात्रालाई वक्ता भनिन्छ । यस पाठमा भागलिने वक्ताहरूको निम्नानुसार चिनारी गरिएको छ ।

१. अञ्जु कार्की

अञ्जु कार्की यस वादविवादको पहिलो वक्ता हो । उसले सुखसयल भन्दा सादाजीवन राम्रो हुन्छ भन्ने विषयको पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गरेकी छे । विलासी भई बढी सुखसयल र मोजमज्जा पट्टी लाग्यो भने मान्छेको जीवन अन्धकार हुन्छ । उमेर र सम्पति सकिदै

गएपछि संसार विरानो हुन्छ, भन्ने तर्कलाई अगाडि सार्दै माहात्मा गान्धीलाई उदाहरणका रूपमा अगाडि ल्याएकी छे । महामानव गान्धीले एउटा धोती र खराउ लगाएर यस्तो विशाल भारतलाई स्वतन्त्र पारेको उदाहरण उसले पेश गरेकी छे । विलाशिता मानिसको शत्रु हो भन्ने कुरामा उसले जोड दिएकी छे ।

२. सम्पूर्ण तुलाधर

ऊ यस वादविवाद प्रतियोगिताको विपक्षबाट बोल्ने पहिलो वक्ता हो । उसको विचार सादा जीवनयापन गर्नु भन्दा सुखसयल नै राम्रो लाग्छ । जीवन सुख पाउनकै लागि हो दुःख पाउनका लागि होइन मिठो खाने र राम्रो लाउने मान्छे कसरी रोगी हुन्छ ? बरु खाँदै नखाई बस्ने मानिस पो रोगी हून्छ तसर्थ एकपटक पाएको जीवनमा सुखभोग नै गर्नुपर्छ भन्ने तर्कपूर्ण वाक्यहरू उसले पेस गरेको छ ।

३. किरण अवस्थी

ऊ यस वादविवादको पक्षबाट बोल्ने दोस्रो भन्ने विचार व्यक्त गरेको छ । जीवन खानु लाउनुमा मात्र सिमित छैन जिउ मात्रै पाल्नु कुनै ठुलो कुरा होइन , जिउ त चरा-मुसाले पनि पालेका छन् । मानवजीवनको महत्त्व असल काम गर्नु नयाँ कुरा सोच्नुमा छ भन्दै भगवान गौतम बुद्धको उदाहरण दिएको छ र अब्राहम लिङ्कन, गान्धी , टाल्सटाय यी सबै महामानवको जीवन साधारण थियो त्यसैले सादा जीवन नै राम्रो भन्ने तर्क उसले प्रस्तुत गरेको छ ।

४. सृजना शर्मा

ऊ यस वादविवादकी अन्तिम वक्ता हो । उसले सादा जीवन भन्दा सुखसयल राम्रो भन्ने विषयमा आफ्ना विचार व्यक्त गरेकी छे । खरानी भएर विलीन हुने शरीर फेरी फर्कनु सम्भव छैन, जुन सुकै प्रयत्न गरेर भएपनि बाँचुन्जेल सुखभोग गर्नुपर्छ, शरिर अमरछैन नाशवान् छ त्यसैले बाचुन्जेल सुखसयलमा रहनुपर्छ भन्ने तर्क प्रस्तुत गरेकी छ ।

**ग) तार्किकता**

यस पाठमा वक्ताहरूले प्रस्तुत गरेका तर्कहरू कक्षा सातका विद्यार्थीहरूको क्षमता अनुरूपकै छन् । वाक्य गठनगत आधारमा यस पाठमा प्रयोग गरिएका वाक्यहरू छोटा साथै

कवितात्मक शैलीमा पनि छन् विपक्षीका तर्कहरूको खण्डन पनि उपयुक्त तरिकाले गरिएको छ ।

घ) संरचना

यस पाठको आदि, मध्य र अन्त्यको संरचनागत ढाँचालाई निम्नानुसार देखाउन सकिन्छ :

| आदि | मध्य | अन्त्य |
|---|---|---|
| कार्यक्रम सुरुहुनु पूर्वको सम्पूर्ण व्यवस्था | भागलिने वक्ताको तर्कपूर्ण भनाइ राखिएको अवस्था | निर्णयक मण्डलको निर्णय |
| सभा सञ्चालनमा गरिएको तयारी | खण्डन मण्डन | पुरस्कार वितरण |
| भागलिने वक्ता सुन्ने र हेर्ने दर्शक आदिको जमघट | सहभागी सबै वक्ताहरूको प्रस्तुतीकरण | सभापतिको सभा बिसर्जन |

**ङ) परिवेश :**

यस पाठको परिवेशका रूपमा विद्यालयको सभाकक्षलाई लिइएको छ । कार्यहरूका सभापति विद्यालयका प्रअ. निर्णयक गुरुहरू, प्रतियोगी छात्रछात्राहरू सभाकक्षको अगाडि तिर रहेका छन् भने उनीहरूकै सम्मुखमा सम्पूर्ण दर्शक एवम् स्रोता विद्यार्थीहरू बसेका छन् । एक छेउमा उद्घोषकले कार्यक्रम सञ्चालन गरिरहेको रमाइलो वातावरण यस पाठमा देख्न सकिन्छ ।

**च) विचार/उद्देश्य**

भाषा पाठ्यपुस्तक भित्रको यो वादविवाद पाठको मुख्य उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपको विकास गराउनु हो त्यस्तै गरी सुखसयल र रमझम प्रति आकर्षिक हुँदै गएका मानिसलाई महात्मा गान्धी, गौतम वुद्ध, अब्राहम लिङ्कन जस्ता महामानवहरूको उदाहरण दिएर सुखसयल र सादाजीवन दुवै मानिसका निम्ति अपरिहार्य कुराहरू हुन भन्ने कुराको ज्ञान दिनु पनि यस पाठको उद्देश्य हो ।

# अध्याय चार

# कक्षा सातका 'हाम्रो नेपाली किताव र नयाँ नेपाली श्रङ्खला' नेपाली भाषा पाठ्यपुस्तकका रूपकहरूको तुलनात्मक अध्ययन

## ४.१ पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

शिक्षालाई व्यवहारिक जीवनमा समयसापेक्ष बनाई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता सार्वभौमिकता तथा लोकतान्त्रिक मान्यता अनुरूपको भावना विकास गराउने र इमानदारी एवम् नैतिकता जस्ता आधारभूत मानवीय गुणहरूको विकास गराई सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने उद्देश्य अनुसार विद्यालयस्तरका पाठ्यक्रम पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालु रहि आएको छ ।

(हाम्रो नेपाली किताव, कक्षा ७) यसै अनुरूप भाषिक सीपको विकासका लागि विद्यार्थीको स्तर, उमेर र समाजको भागअनुरूप एउटै पाठ्यक्रममा आधारित विभिन्न भाषा पाठ्यपुस्तकहरू सार्वजनिक र संस्थागत विद्यालयहरूमा पढाइ भइरहेको वर्तमान अवस्था छ।

कक्षा सातको 'हाम्रो नेपाली किताव' भित्र रूपक विधाका दुईवटा पाठहरू समावेश गरिएका छन भने नयाँ नेपाली शृङ्खला भित्र दुई वटा विद्याहरू समावेश गरिएका छन् । उक्त पुस्तकहरूमा समाविष्ट रूपक विधाका पाठहरूको आयाम विद्यार्थीको स्तर अनुरूप छ कि छैन ? साथै विषयवस्तुहरू आधुनिकता, व्यवहारिकता र रोचकताका दृष्टिले उपयोगी छन् कि छैनन ? भनी यस शीर्षकमा तुलनात्मक विश्लेषण गरिएको छ ।

## ४.२ पर्यटनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव पाठहरूको तुलनात्मक विश्लेषण

कक्षा सातको हाम्रो नेपाली किताव भित्र समावेश गरिएको पर्यटनको महत्त्व पाठ रूपक विधा अन्तर्गतको संवाद पाठ हो । यो पाठको आयाम मझौला आकारको छ । यस पाठमा पन्ध्र अनुच्छेद रहेका छन् । यो पाठ तीन पृष्ठमा लेखिएको छ । यस पाठमा प्रयोग गरिएको विषयवस्तुले पर्यटन व्यवसायले हाम्रो देशमा कस्तो प्रकारको फाइदा भइरहेको छ । यस व्यवसायलाई अझै प्रोत्साहन दिनका लागि के के उपायहरू अपनाउन सकिन्छ भन्ने बारेमा जानकारी दिइएको छ । पर्यटन व्यवसायले हाम्रो नेपालमा आर्थिक उन्नती हुन्छ । विशेष गरि नेपालका रमणीय दृश्यहरू हेर्नका लागि विदेशी पर्यटकहरू बढी आउने हुँदा विदेशी

मुद्रा आर्जन हुने अवसर प्राप्त हुन्छ । विदेशी हरू नेपालका हिमशृङ्खलाहरू चढ्न, विभिन्न नदीनाला, वनजंगल हेर्न र विभिन्न पहाड पर्वत आदिको अवलोकन गर्नका लागि आउने हुँदा पर्यटनको महत्त्व महत्त्वपूर्ण र उपयोगी रहेको छ। यस पाठका अनुच्छेदहरू लामा छन् ।

चलचित्र हेर्दाको पहिलो अनुभव पाठ कक्षा सातको नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट गरिएको संवाद पाठ हो । यो पाठको आयाम पनि विद्यार्थीको स्तर अनुरूप मझौला आकारकै छ । यस पाठमा उनन्पचास अनुच्छेदहरू छन् । यो पाठ चार पृष्ठमा लेखिएको छ । यस पाठमा एउटा विदुर भन्ने गाउँको केटा गाउँ छोडेर घुम्नका लागि सदर गएको र सहरी वातावरणका शिलशीलामा चलचित्र पहिलो पटक हेरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ साथै उसले चलचित्र मात्र हेरेको छैन  जिज्ञासु केटो विदुरले चलचित्रको स्थापना कहिले भएको थियो कसरी र कहाँबाट सुरु भयो कुन व्यक्तिले कस्ता कस्ता सामग्रीको प्रयोग गरेर स्थापनागरे चलचित्रमा कस्ता कस्ता पात्रहरूलाई समाविष्ट गरिदोरहेछ कस्ता कति पात्रहरूको आवश्यकता पर्दो रहेछ भन्ने कुराको जानकारी दिएको छ र गाउँ फर्केपछि आफ्ना साथीहरूलाई जानकारी गराएको छ । यस पाठका अनुच्छेदहरू ज्यादै छोटा रहेका छन् ।

### ४.३ जागिर भन्दा व्यापार वेश र सुखसयल भन्दा सादाजीवन राम्रो हुन्छ वादविवादको तुलनात्मक विश्लेषण :

जागिर भन्दा व्यापार वेश भन्ने वादविवाद कक्षा सातको हाम्रो नेपाली कितावमा समावेश गरिएको छ। यस पाठको आयाम कक्षा सातका विद्यार्थीको स्तर भन्दा ठुलो आकारको रहेको छ । यस पाठमा बीस अनुच्छेद छन् । यो पाठ सात पृष्ठमा लेखिएको छ । यस पाठको शीर्षक रखाइले जागिर भन्दा व्यापार नै वेश हुन्छ भन्ने कुराको आभाष गराएको छ। देशका कुना कुनाका गरिब परिवारका बालबालिकाले पढ्ने सरकारी विद्यालयको पाठ्यपुस्तकमा व्यापार नै वेश हुन्छ भन्ने शीर्षक रखाइले व्यापारलाई सम्मान गरेको देखिन्छ। यस पाठमा पक्ष र विपक्ष गरी जम्मा चारजना वक्ता रहेका छन्। विद्यार्थीको तार्किक क्षमता विकासका लागि छनोट गरिएको वादविवादको विषयवस्तु व्यवहारिक रहेको छ।

सुखसयल भन्दा जीवन राम्रो  वादविवाद पाठ कक्षा सातको नयाँ नेपाली शृङ्खला भित्र समावेश गरिएको छ । यस पाठको आयाम मझौला आकारको छ । यस पाठमा छब्बीस अनुच्छेद छन्। यो पाठ चार पृष्ठमा लेखिएको छ। यस पाठको शीर्षक रखाइले सादा जीवन

वेश भन्ने कुराको आभाष गराएको छ । धनी र सम्पन्न परिवारका बालबालिकाले पढ्ने संस्थागत विद्यालय पाठ्यपुस्तक भएता पनि सादाजीवनलाई नै महत्त्व दिइएको छ । यस पाठमा पक्षबाट दुईजना र विपक्षबाट दुईजना वक्ताहरू रहेका छन् । यस पाठको विषयवस्तुले सुखसयल र सादाजीवन बिताउँदा हुने फाइदा, बेफाइदाहरूको विशेष चर्चा गर्ने भएकाले विद्यार्थीहरूलाई सादाजीवन र सुखसयल एक अर्काका परिपुरक हुन भन्ने कुराको जानकारी दिन सक्छ । विद्यार्थीहरूको बोलाई सीपको विकास गराउन चयन गरिएको विषयवस्तु रोचकपूर्ण र व्यवहारिक छ ।

उपयुक्त दुई पाठहरूको विषयवस्तु तार्किक प्रस्तुतीको लागि उत्तिकै महत्त्वपूर्ण छन् । कक्षा सातको संस्थागत विद्यालयमा राखिएको पाठमा पक्ष र विपक्षका वक्ताहरू दुई दुई जना र सामुदायिक विद्यालयमा रहेको वादविवाद शीर्षकमा पनि वक्ताहरू दुई दुई जना रहेकाले दुबै रोचकपूर्ण देखिन्छ ।

### ४.३.१ भाषिक सीप आर्जनका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

यस शीर्षक अन्तर्गत हाम्रो नेपाली किताब कक्षा सातका रूपक विधाभित्र समाविष्ट दुई पाठहरू र नयाँ नेपाली शृङ्खला कक्षा सातका रूपक भित्रका दुईवटा पाठहरूको भाषिक सीप आर्जनका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । भाषिक सीप अन्तर्गत भाषाका चारवटा सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् ।

### ४.३.२ सुनाइ सीपका आधारमा पाठ्यवस्तुको विश्लेषण

निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम वि.सं. २०६४मा रूपक शीर्षक भित्रका सुनाइ सीपका उद्देश्यहरू उल्लेख गरिएका छन् । विभिन्न किसिमका ध्वनिहरू सुनी तिनको पहिचान गर्न, भिन्नता पत्ता लगाउन, उच्चारित शब्दहरूको पहिचान गर्न, अरुले वर्णन गरेका कुराहरू ध्यानपूर्वक सुन्न साथै रूपक विधाका विभिन्न मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्टा, अभिनय आदिको प्रदर्शन गर्न विद्यार्थीहरू सक्षम हुनेछन् भन्ने जस्ता सुनाइ सीपसँग सम्बन्धित उद्देश्यहरू पाठ्यक्रमले राखेको छ । (जसको विस्तृत चर्चा अध्याय २, ४ मा भएको छ )

### ४.३.३ सुनाइ सीपका आधारमा पर्यटनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव संवाद पाठहरूको विश्लेषण

अरुले भनेका कुरा अर्थपूर्ण रूपमा बुझ्ने काम नै सुनाइ हो । बालबालिकाले भनेका कुरा के कसरी सुनेर त्यसको अर्थ ग्रहण गर्छन ? सुनाइ सीपको विकास के कसरी हुन्छ ? भन्ने कुरामा यो पाठ केन्द्रित छ ।

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि पर्यटनको महत्त्व शीर्षक संवादमा सानु र नानु बीच संवाद गराइएको छ । रूपक विधाका विभिन्न मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्टा अभिनय आदि प्रदर्शन गर्न विद्यार्थीहरू कत्तिको सक्षम छन् भनेर उक्त संवाद पाठलाई कक्षा कोठा भन्दा बाहिरको प्राङ्गणमा दुईजना विद्यार्थी बीचमा हाउभाउपूर्ण तरिकाले वाचन गर्न लगाइएको छ ।

उदाहरणका रूपमा उनीहरूको संवादको सानो अंश यस्तो छ :

सानु : ए नानु ! हेर न बगैँचामाकति राम्रा फूल फूलेछन् आहा ! कति राम्रो गुलाफ ।

नानु : वसन्त ऋतुमा पनि फूल नफूले कहिले फुल्छ त ? अझ यस बेलामा विभिन्न रमाइला ठाउँमा घुम्न पाए झन् कति मजा हुन्छ । पोहोर साल बुबासँग पोखरा गएको थिए। कति रमाइलो भयो ।

सानु : किन घुम्ने नि ? म त खास घुमेकी पनि छैन र घुम्दा कसरी रमाइलो हुन्छ, थाहा पनि पाएकी छैन ।

नानु : सानु मलाइ त घुमफिर गर्नैपर्छ भन्ने लाग्छ । नयाँ नयाँ कुरा देख्न पाइन्छ । हेर न; नयाँ ठाउँ, नयाँ संस्कृति र नयाँ परिवेशबारे थाहा पाउँदा कस्तो रमाइलो हुन्छ । यसकै लागि कति पर्यटकले नेपालको भ्रमण गर्छन् । अनि विद्यार्थीले त शैक्षिक भ्रमण नगरी हुँदैन ।

सुनाइ सीप विकासका लागि छोटा छरिता मिठासयुक्त वाक्य भए राम्रो मानिन्छ । कक्षाकोठामा विद्यार्थीहरूले हाउभाउपूर्ण तरिकाले अभिनय गर्न लगाउँदा संवादमा प्रयुक्त वाक्यहरू केही लामा भएकाले चार हरफ भन्दा पनि बढीका अनुच्छेद जस्ता भनाइलाई अभिनय गर्न नसकेको पाइयो । तर पनि कक्षा सातको स्तर अनुकूल नै मान्न सकिन्छ ।

सुनाइसीपको विकासका लागि कान-सान, ताल-साल, तर्क-तर्फ, टन्न-सन्न आदि जस्ता युगल शब्दहरूलाई शिक्षकले उच्चारण गरिदिएर विद्यार्थीहरूलाई उच्चारित ध्वनिहरूको पहिचान गर्न लगाउन सकिन्छ । त्यस्तै उच्चारित ध्वनिहरूको भिन्नता पत्ता लगाउन कक्षाकार्य गराउन सकिन्छ ।

चलचित्र हेर्दाको पहिलो अनुभव पाठ पनि नयाँ नेपाली शृङ्खला पाठ्यपुस्तक भित्रको संवाद पाठ हो । यस पाठमा तीनजना पात्रहरूको बीचको संवाद छ संवादमा प्रयुक्त वाक्यहरू पहिलो पृष्ठमा छोटा भएतापनि पछाडि सात हरफ सम्मका रहेका छन् । पाठमा प्रयुक्त संवाद कक्षा सातका विद्यार्थीहरूको स्तरसँग मिल्दो देखिन्छ । उदाहरणका रूपमा उनीहरूको संवादको सानो अंश यस्तो छ :

महेश : विदुर ! के छ तिम्रो हालखवर ?

विदुर : के हुनु नि, ठिकै छ ।

महेश : (उत्सुक हुँदै ) हलाभित्र छिरेपछि तिमीलाई किन अचम्म लाग्यो ? भित्र कस्तो हुँदो रहेछ ?

विदुर : हलभित्र त हामी बसेभन्दा अगाडि ठुलो सेतो पर्दा थियो ; त्यहाँ हलुका प्रकास फिजिएको थियो । त्यहाँ बाजिरहेको मिठो लोकधुनले वातावरण नै सङ्गितमय हुन पुगेको थियो ? त्यतिकैमा भित्र बालिरहेको सबै बत्ति निभ्यो । सुखमा पर्दामा विभिन्न किसिमका विज्ञापनहरू दिन थाले । अनि विज्ञापन सुरु भयो । विज्ञापन सकिएपछि राष्ट्रिय धुन बज्दा सबैजना स-सम्मान आ-आफ्ना ठाउँबाट जुरुक्क उठे।

यस संवादमा मिठासयुक्त वाक्य हरूको प्रयोग भएकाले संवाद प्रभावपूर्ण देखिन्छ । सुनाइ सीपको विकासका लागि यस पाठमा प्रयोग गरिएका शब्दहरू युगल शब्दहरूको निर्माण गरी विद्यार्थीहरूलाई ध्वनि पहिचान गर्ने ध्वनीको भिन्नता पहिल्याउने उक्त शब्दहरूलाई पाठ्यपुस्तक भित्र सिसाकलमले चिनो लगाउन लगाउने जस्ता कक्षाकार्यहरू गराउन सकिन्छ । यी दुई पाठलाई सुनाइ सीप आर्जनका आधारमा विश्लेषण गर्दा पयर्टनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव भन्ने संवाद उपयुक्त नै लाग्छ ।

### ४.३.४ सुनाइ सीपका आधारमा जागिर भन्दा व्यापार वेस र सुखसयल भन्दा सादाजीवन राम्रो वादविवादको विश्लेषण

जागिर भन्दा व्यापार बेस सामुदायिक विद्यालय कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट रूपक विधा अन्तर्गतको वादविवाद पाठ हो । यो पाठ औपचारिक रूपमा विद्यालयको अतिरिक्त क्रियाकलाप अन्तर्गत आयोजना गरिएको छ । यस पाठमा चारजना वक्ताहरूले आफ्ना तर्कहरू प्रस्तुत गरेका छन् । औपचारिक रूपमा आयोजिक कार्यक्रम भएकाले वक्ताले सम्बोधन, अभिवादन, विषयप्रस्तुती समर्थन, खण्डन, समयको ख्याल एवम् टुङ्ग्याउने जस्ता कुरामा ख्याल गरेको छ । दर्शक विद्यार्थीहरूले देखेर, हेरेर र सुनेर उनीहरूको पनि वादविवादमा भाग लिने, पुरस्कार जित्ने जस्ता उत्प्रेरणा स्वतः बढ्ने कुरा निर्विवाद छ । सुनाइ सीपको विकासका लागि विपक्षीवक्ताका तर्क सुनी त्यसको खण्डन गर्न तर्कको पहिचान गर्न र वादविवादात्मक अभिव्यक्ति सुनी हाउभाउ चेष्टा आदिको अभिनयात्मक ढङ्गले प्रस्तुति गर्न यो वादविवाद महत्त्वपूर्ण ठहर्छ ।

सुखसयल भन्दा सादा जीवन राम्रो भन्ने पाठ वादविवाद पाठ हो । यो पाठ संस्थागत विद्यालयमा पढाइहुने नयाँ नेपाली शुङ्खला भित्र समाविष्ट छ । यो पाठ पनि औपचारिक रूपमा विद्यालयको अतिरिक्त क्रियाकलाप अन्तर्गत आयोजना गरिएको छ । यस पाठमा चारजना वक्ताहरूले आफ्ना तर्कहरू प्रस्तुत गरेका छन् । औपचारिक रूपमा आयोजित कार्यक्रम भएकाले यस पाठमा पनि सम्बोधन, अभिवादन, विषय प्रस्तुति समर्थन, खण्डन, समयको ख्याल एवम् टुङ्ग्याउने जस्ता कुरामा वक्ताले ख्याल गरेको छ ? उक्त कार्यक्रम हेर्दा र सुन्दा विद्यार्थीहरूलाई पनि वादविवादमा भाग लिन, पुरस्कार जित्न, अझ राम्रो तार्किक प्रस्तुति गर्न , स्वतः आत्मवल बढेर जाने हुन्छ । सुनाइ सीपको विकासका लागि वादविवादात्मक अभिव्यक्ति सुन्न , विपक्षीवक्ताका तर्कसुनी त्यसको खण्डन गर्न, तर्कको पहिचान गर्न, हाउभाउ, चेष्टा अभिनयात्मक ढङ्गले प्रस्तुति गर्नका लागि यो वादविवाद उपयोगी रहेकोछ ।

उपयुक्त दुईवटै पाठहरूलाई सुनाइ सीपका आधारमा विश्लेषण गर्दा तुलनात्मक रूपमा दुबै उपयोगी मानिन्छ ।

**बोलाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण**

आफूले भन्न चाहेका कुराहरू अर्थपूर्ण तरिकाले व्यक्त गर्नु बोलाइ हो बोलाइको अर्थ बोल्ने काम वा भाव भन्ने बुझिन्छ । बोलाइ भाषाको मौखिक रूप हो । भाषा शिक्षणका सन्दर्भमा सुनाइ सीपको शिक्षण पछि आउन भाषिक सीप बोलाई हो । व्यक्तिले अरुले भनेझैं कुरा सुनीसकेपछि त्यसको अर्थग्रहण गरेर ठीक मात्रमा उत्तर दिने कामका लागि बोलाइको आवश्यक पर्दछ । निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम वि.सं. २०६४मा रूपक विधाका पाठहरूबाट बोलाइ सीपका उद्देश्यहरू राखेको पाइन्छ । रूपकपाठका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न अरुले वर्णन गरेका कुराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न, रूपका विधाका पाठका घटनाहरूको वर्णन गर्न कुराकानी र प्रश्नोत्तरमा भागलिन, संवाद, वादविवाद र छलफल सुनी तिनमा भागलिन आदि गर्ने लक्ष्य पाठ्यक्रमले लिएको छ ।

**बोलाइ सीपका आधारमा पयर्टनको महत्त्व र चलिचित्र हेर्दाको पहिलो अनुभव संवादको विश्लेषण**

यो पाठ कक्षा सातको हाम्रो नेपाली किताब अन्तर्गत समावेश छ । बोलाइ सीपको विकासका लागि यस पाठमा नानु र सानु बीचमा संवाद गराइएको छ । यस पाठमा प्रयोग गरिएका शब्दहरू कक्षा सातमा पढ्ने बालबालिकालाई उच्चारण गराउँदा सहजताका साथ उच्चारण गर्न सक्छन् । बालबालिकाहरूमा बोलाई सीपको विकास अपर्षेक्षित रूपमा भयो कि भएन भनी पाठसँग सम्बन्धित प्रश्नहरूका उत्तर भन्न लगाउन सकिन्छ ।

जस्तै : पयर्टनको महत्त्व संवादका मुख्यमुख्य घटनाहरू के के हुन् ? भन, यो पाठ पढी पाठको सारांश भने, यस पाठको विषयवस्तु सुनी मुख्य मुख्य कुराहरू बताऊ, यो संवादपढी सोधिएका प्रश्नको उत्तर बताऊ आदि । यस संवाद पाठको बोलाई सीपको अध्ययनका निम्ति केही विद्यार्थीहरूलाई सस्वरबाचन गराई केही प्रश्नहरू सोधिएको छ ।

**बोलाइ सीपका आधारमा पर्यटनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव संवादहरूको विश्लेषण**

यो पाठ कक्षा सातको हाम्रो नेपाली किताब अन्तर्गत समावेश छ । बोलाइ सीपको विकासका लागि यस पाठमा सानु र नानु बीचमा संवाद गराइएको छ । यस पाठमा प्रयोग गरिएका शब्दहरू कक्षा सातमा पढ्ने बालबालिकाहरूलाई उच्चारण गराउँदा सहजताका

साथ उच्चारण गर्न सक्छन् । बालबालिकाहरूमा बोलाइ सीपको विकास अपेक्षित रूपमा भयो कि भएन ? भनी पाठसँग सम्बन्धित प्रश्नहरूका उत्तर भन्न लगाउन सकिन्छ । जस्तै : पर्यटनको महत्त्व  संवादका मुख्य मुख्य घटनाहरू के के हुन् ? भन यो पाठ पढी पाठको सारांश भन, यस पाठको विषयवस्तु सुनी मुख्य मुख्य कुराहरू बताऊ, यो संवाद पढी सोधिएका प्रश्नको उत्तर बताउ आदि । यस संवाद पाठको बोलाइ सीपको अध्ययनका निम्ति केही विद्यार्थीहरूलाई सस्वरवाचन गराई केही प्रश्नहरू सोधिएको छ जसलाई परिशिष्ट खण्डमा दिइएको छ ।

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीहरूले मौखिक उत्तर बताएको कुराकानी प्रश्नोत्तरमा सक्रिय सहभागि भई आफूले भन्न चाहेको कुराहरू बताएको, संवादात्मक अभिव्यक्तिका मुख्य मुख्य कुराहरू बताएको पाइयो । यस पाठलाई विद्यार्थीहरूले सस्वरवाचन गर्दा सबैले पालैपालो संवाद गरेकाले सस्वरवाचन उपयुक्त भएको पाइयो । तर नानुका भनाइहरू अलि लामा वाक्यमा भएकाले अलि कठिन जस्तो लागे पनि कक्षा सातका विद्यार्थीको स्तर अनुरूप उपयुक्त नै रहेकाले बोलाइ सीपको विकासका लागि यो पाठ उपयोगी रहेको छ ।

संस्थागत विद्यालयको पाठ्यांशमा समावेश नयाँ नेपाली शृङ्खला कक्षा सात भित्र चलचित्र हेर्दाको पहिलो अनुभव पाठ समाविष्ट छ । यस संवाद पाठमा मौखिक अभिव्यक्तिका लागि तीनजना पात्रहरूको प्रयोग गरिएको छ । उनीहरू बीचको संवादमा छोटाछरिता वाक्यहरूको प्रयोग भएको भएता पनि विदुर भन्ने पात्रको भूमिकामा अलि लामा वाक्यहरूको प्रयोग भएको छ । यस संवादमा पाठको बोलाइ सीपको अध्ययनका निम्ति केही विद्यार्थीहरूलाई सस्वरवाचन गराई केही प्रश्नहरू सोधिएको छ । (जसलाई परिशिष्ट खण्डमा दिइएको छ )

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीहरूले मौखिक उत्तर बताएको, कुराकानी र प्रश्नोत्तरमा भाग लिएको, संवादात्मक अभिव्यक्तिका मुख्यमुख्य कुराहरू बताएको साथै पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग सकेको पाइयो । पाठ्यक्रमले रूपक विधाका माध्यबाट बोलाई सीपको विकासका लागि राखेका उद्देश्यहरू यसपाठबाट पुराहुन सक्ने भएकाले बोलाई सीपको विकासका लागि यो पाठ उपयोगी रहेको छ ।

यी दुई संवाद पाठहरू मध्ये बोलाई सीपको विकासका लागि जति छोटाछरिता वाक्यहरूको प्रयोग गर्दै वक्ताहरूले सक्रिय सहभागिता जनाउन सक्छन्  त्यतिनै बढी उपयोगी हुन्छ । यि दुई मध्ये पर्यटनको महत्त्व पाठ बढी उपयोगी मान्न सकिन्छ ।

**बोलाई सीपका आधारमा जागिर भन्दा व्यापार वेश र सुखसयल भन्दा गाउँले जीवन राम्रो वादविवादको तुलनात्मक विश्लेषण**

वादविवाद बोलाई सीपका लागि महत्त्वपूर्ण पाठ मानिन्छ । कक्षाको स्तर र विद्यार्थीहरूको उमेरलाई ख्याल गरी वादविवाद गराउनु पर्छ । सामुदायिक विद्यालयको कक्षा सातको हाम्रो नेपाली किताबमा जागिर भन्दा व्यापार वेश भन्ने शीर्षक राखिएको छ । यस पाठमा औपचारिक भूमिका निर्वाह गरिएकाले वक्तालाई मौखिक सीप आर्जनमा ठुलो मौका मिलेको छ । वक्ताहरूले स्पष्ट उच्चारण, शिलशिलाबद्ध प्रस्तुती, शिष्ट भाषाको प्रयोग आदिमा जोड दिएकाले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा हुने कुरामा कुनै सन्देह छैन । तर यस पाठमा पक्षबाट दुईजनावक्ता छन् भने वादविवादको विषयको विपक्षीबाट पनि दुई जना वक्ता रहेका छन् ।

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीहरूले मौखिक उत्तर बताएको, स्पष्ट उच्चारण, शिलशिलाबद्ध प्रस्तुति, शिष्ट भाषाको पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू यस पाठमा पुरा हुने देखिन्छ ।

सुखसयल भन्दा गाउँले राम्रो जीवन राम्रो वादविवाद पाठ संस्थागत विद्यालयमा अध्यापन गराइने नयाँ नेपाली शृङखला भित्र समाविष्ट छ । यस पाठमा औपचारिक भुमिका निर्वाह गरिएकाले वक्ता एवम् दर्शक वालवालिकाहरूको बोलाई सीप आर्जनमा ठुलो मौका मिलेको छ । वक्ता विद्यार्थीहरूले स्पष्ट उच्चारणका साथ विषयको पक्ष र विपक्षबाट गहकिला तर्क, खण्डन-मण्डन गरेका छन् । त्यसैले बोलाई सीपको विकासका लागि पाठ्यक्रमले राखेका अपेक्षाहरू यस पाठबाट पुरा हुने देखिन्छन् बोलाई सीपको विकासका लागि पाठयक्रमले रखेको अपेक्षाहरू यस पाठमा पुरा हुने देखिन्छन् । बोलाई सीपको अध्ययनको निम्ति यस पाठलाई सस्वरवाचनगराई केही विद्यार्थीहरूलार्य केही प्रश्नहरू सोधिएको. छ । (प्रश्नहरूको परिशिष्ट खण्डमा दिइएको छ )

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीले पाठको सस्वरवाचन सुनेर स्पष्ट शब्दमा सुनेका कुराहरू बताएको, स्पष्ट उच्चारण गरेको आफुले सुनेका कुरालाई शिलशिला मिलाई मौखिक वर्णन गरेको पाइयो । बोलाइ सीपको विकासका लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू पुरा गर्न यो पाठ उपयोगी देखिन्छ ।

यी दुई वादविवाद पाठहरू मध्ये बोलाई सीपको विकासका लागि नयाँ नेपाली शृङ्खला अन्तर्गतको सुखसयल भन्दा गाउँले जीवन राम्रो भन्ने पाठ संस्थागत विद्यालय जस्तो धनी विद्यालयका विद्यार्थीहरूले सहजताका साथ पक्षमा बोल्ने शब्द पाएका छैनन् तर अभ्यासले मानिसलाई पूर्ण बनाउँछ भने झै यस पाठमा पक्ष र विपक्षमा बोल्ने दुईदुई जना वक्ताले तर्कलाई प्रस्तुत गरिएको छ ।

सामुदायिक विद्यालय अन्तर्गतका विद्यालयमा पढाइहुने जागिर भन्दा व्यापार वेश भन्ने शीर्षक उपयुक्त नै देखिन्छ ।

## पढाई सीपका आधारमा पर्यटनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव संवाद पाठहरूको तुलनात्मक विश्लेषण

पर्यटनको महत्त्व पाठ हाम्रो नेपाली किताब कक्षा सातमा समाविष्ट छ । यो पाठ पठनवोधका लागि उपयोगी मान्न सकिन्छ । पाठको लमाइ मझौला आकारको छ । पात्रहरू बीचको संवाद चाहि केही ठाउँमा लामालामा जस्तो लागे पनि कक्षा सातको स्तर अनुसार उपयुक्त देखिन्छ । यस पाठलाई कक्षा सातका विद्यार्थीहरू बीच सस्वरवाचन गराउँदा केही ठाउँमा संवाद लामो भएकाले गति, यति मिलाई सस्वरवाचन गर्न विद्यार्थीहरूलाई अलि अप्ठ्यारो लागेको जस्तो पाइयो । यस पाठलाई भावअनुसार लय, सुर र आघातमिलाई सस्वरवाचनगर्न अभ्यास गराउन सकिन्छ । यस पाठलाई मौनवाचन गर्न लगाई त्यसका मुख्य मुख्य कुराहरू विद्यार्थीहरूलाई बताउन सकिन्छ । पढाइसीपको अध्ययनका निमित्त यस पाठलार्य कक्षा सातका केही विद्याथीहरू बीच सस्वरवाचन गराई केही प्रश्नहरू सोधिएको छ। (ती प्रश्नहरूलाई परिशिष्ट खण्डमा दिइएको छ ) ।

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीहरूले यस पाठलाई उपयुक्त तरिकाले सस्वरवाचन गर्न सकेको पाइयो। सस्वरवाचनका क्रममा भावअनुसार लय, सुर र आघात मिलाई पढ्न सक्ने दोखिन्छ । यो पाठ पढी सोधिएका प्रश्नको उत्तर दिन विद्यार्थीहरू सफल देखिन्छन् । यस पाठमा प्रयुक्त शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग गर्न विद्यार्थीहरू सफल छन् यस पाठलाई मौनवाचनगर्न लगाई विद्यार्थीहरूलाई मुख्य मुख्य कुराहरू सोध्न सकिन्छ । पढाइसीपको विकास लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू यस पाठबाट पनि पुरा हुने देखिन्छ ।

चलचित्र हेर्दाको पहिलो अनुभव नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट छ । यो पाठ पनि पठनबोधका लागि उपयोगी मानिन्छ  । यस पाठको आकार मझौला छ । यस पाठमा तीनजना पात्रहरूको बीच संवाद भएको छ । दुई जना पात्रहरूको वाक्यहरू छोटा भएता पनि विदुर भन्ने पात्रको वक्तव्य अलि लामो छ तर पनि कक्षा सातको स्तर अनुसार नै छनोट र स्तरण गरिएको छ । यस पाठलाई आवश्यकता अनुसार मौनवाचन गराएर विषयगत ज्ञान सम्बन्धी प्रश्नोत्तर गराउन सकिन्छ । पढाइ सीपको अध्ययनका निम्ति कक्षा सातका केही विद्यार्थीहरूलाई मौन पठन गराई केही प्रश्नहरू सोधिएको छ । (जसलाई परिशिष्ट खण्डमा राखिएको छ )

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीहरूले यस पाठलाई अर्थपूर्ण तरिकाले मौन पठन गर्न सकेको स्पष्ट हुन्छ । विद्यार्थीहरूले उक्त पाठलाई मौनपठन गरी सोधिएका प्रश्नहरूको उत्तर उपयुक्त तरिकाले दिएको छ । त्यसै गरी पठित शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग हुने देखिन्छ । पढाइ सीपको विकासका दृष्टिकोणले यी दुई पाठहरूमध्ये हाम्रो नेपाली किताव अन्तर्गतको पयर्टनको महत्त्व बढी उपयोगी देखिन्छ ।

**पढाइ सीपका सापेक्षतामा जागिर भन्दा व्यापार वेश र सुखसयल भन्दा सादा जीवन राम्रो वादविवादको तुलनात्मक विश्लेषण**

जागिर भन्दा व्यापार वेश पाठ कक्षा सातको हाम्रो नेपाली किताब भित्र राखिएको वादविवाद पाठ हो । यसपाठमा वादविवादका लागि औपचारिक व्यवस्थापन मिलाइएको छ । यस पाठलाई भाषिक सीपका आधारमा शिक्षण गर्दा भाषाका चारै सीपको समान प्रयोग गर्न सकिन्छ । वादविवाद पाठको शिक्षण कथ्य भाषामा जोड दिनका लागि उपयोगी मानिन्छ । यस पाठलाई कक्षा सातका विद्यार्थीहरूले गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न सक्ने देखिन्छ । यस पाठमा पक्ष र विपक्षबाट बोल्ने वक्ताहरूले भनेका मुख्य मुख्य कुराहरू बताउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यस पाठबाट पढाइ सीपको विकास गर्न बालबालिकाहरूलाई वादविवादमा भाग लिने वक्ता, पालो मिलाउने उद्घोषक सभापति आदिको विद्यार्थीहरूबाट छनोट गरी भागलिन लगाउने र शुरुमा सस्वरवाचन गर्न लगाउनु उपयुक्त हुन्छ । त्यसैगरी यस पाठलाई मौनवाचन गराएर त्यसमा भएका मुख्य मुख्य कुराहरू बताउन लगाउने तथा पाठमा भएका विविध शब्दहरूले सन्दर्भपूर्ण प्रयोग गराई

शबदमण्डारमा वृद्धि गराउन सकिन्छ । पढाइ सीपको अध्ययनको निम्ति केही विद्यार्थीहरूलाई प्रश्नोत्तर गरिएको छ । (जसलाई परिशिष्ट खण्डमा दिइएको छ )

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीले यस पाठलाई अर्थपूर्ण रूपले मौनपठन गरेको पाइएको छ । यस पाठलाई मौनपठन गरी त्यस पाठका मुख्य मुख्य कुराहरू बताउन विद्यार्थी सफल देखिएका छन् । यस पाठमा भएका विविध शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गरी विद्यार्थीहरूको शब्दभण्डार बृद्धि गर्न यो पाठ उपयोगी देखिएको छ ।

सुखसयल भन्दा सादा जीवन राम्रो पाठ सस्थागत विद्यालयमा पढाइहुने नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट छ ।यस पाठमा पनि वादविवादकालागि औपचारिक कार्यक्रमको आयोजना गरिएको छ । त्यसै अनुरूप पढाइ सीपको विकासका लागि यस पाठलाई कक्षाकोठामा विद्यार्थीहरूलाई पालौपालो उद्घोषक पक्ष र विपक्षमा बोल्ने वक्ताहरूअनि सभापतिको भूमिका निर्वाह गर्न लगाएर सस्वरवाचन गराउन सकिन्छ । त्यसै गरी यस पाठलाई मौनवाचन गर्न लगाई पाठसँग सम्वन्धित प्रश्नोत्तर पनि गराउन सकिन्छ । विद्यार्थीहरूलाई पाठमा भएका शब्दहरूको अध्ययन अध्यापन पछि सन्दर्भपूर्ण प्रयोग गराई शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ । पढाइ सीपको अध्ययनका निम्ति केही विद्यार्थीहरूमा कक्षाकार्य गराइएको छ । -जसलाई परिशिष्ट खण्डमा दिइएको छ । )

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीहरूले अर्थपूर्ण तरिकाले सस्वरवाचन गर्न सकेको स्पष्ट हुन्छ । पाठलाई सस्वरवाचनगरी मुख्य मुख्य कुरा बताउन,पठित शब्दहरूलाई सन्दर्भपुर्ण प्रयोग गरी शब्दभण्डारको वृद्धि गर्न यो पाठ सफल भएकाले पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा हुने देखिन्छ । यि दुबै पाठहरू मध्ये पढाइ सीपको विकासका लागि नयाँ नेपाली शृङ्खला पाठ्यपुस्तक भित्रको सुखसयल भन्दा सादा जीवन राम्रो पाठ बढी उपयोगी देखिन्छ ।

**लेखाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक अध्ययन/विश्लेषण**

मानिसले आफुले देखेका, सुनेका, अनुभव गरेका कुराहरूलाई लेख्य चिन्हहरूको माध्यमबाट भाषिक कार्यकलाप सम्पन्न गर्नु लेखाइ हो । भाषाको कथ्य रूपलाई सीप पूर्वक लेख्य रूपमा परिवर्तन गर्नु नै लेखाइ हो । भाषाका अन्य तीन सीपभन्दा लेखाइ सीप प्रभावकारी मानिन्छ। व्यक्तिका विचार, चिन्तन, दर्शन, सोचाई र अनुभवलाई चीरकाल सम्म बचाई राख्ने माध्यम

लेखाइ हो । मानिसका व्यक्तिगत व्यवहार सामाजिक व्यवहार, अड्डा अदालत, कार्यकलाप आदि ठाउँमा काम सम्पन्न गर्न भाषाको लेखाइ सीपको नै आवश्यकता पर्दछ । तसर्थ लेखाइ सीप भाषाको मेरुदण्ड हो भन्न सकिन्छ बालबालिकालाई लेखाइ सीपको विकास गर्न अनुलेखन, श्रुतिलेखन, अनुच्छेद लेखन, सारांश लेखन, संवादलेखन,प्रश्नोत्रर लेखन, निबन्ध लेखन जस्ता क्रियाकलाप गराउन सकिन्छ ।

निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (वि.सं. २०६४) ले कक्षा सातको रूपक विधाको माध्यमबाट केही निश्चित उद्देश्यहरू पुरा गर्ने लक्ष्य लिइएको छ ) रूपक विधाका पाठका शब्द, वाक्य र अनुच्छेदहरू सुनेर लेख्न, पठित अभिव्यक्तिमा हिज्जे मिलाई शुद्ध वर्णविन्याससँग लेख्न लिङ्ग, वचन पुरुष, पदसङ्गति तथा आदरको सङ्गति मिलाई वाक्यरचना गर्न रूपक विधाका पाठका निर्दिष्ट अंश सुनी सारांश लेख्न आदि जस्ता लेखाइ सीपसँग सम्नन्धित उद्देश्यहरू पाठ्यक्रमले रूपक विधाका माध्यमबाट पुरा गर्ने लक्ष्य लिइएको छ ।

**लेखाइ सीपका आधारमा पयर्टनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव संवादको तुलनात्मक विश्लेषण**

पयर्टनको महत्त्व पाठ हम्रो नेपाली किताव कक्षा सातमा समाविष्ट संवाद हो । कक्षा सातमा संवाद राखिनुको उद्देश्य भाषाका अन्य सीप आर्जन गराउनुका साथै लेखाइ सीपको विकासमा जोडदिनु हो । रूपक विधाका पाठहरू पढाएर भाषाका सुनाइ, बोलाइ पढाइ सीपको विकासपछि लेखाइ सीपको विकासका लागि संवादपाठको कुनै अंश शिक्षकले भनेर विद्यार्थीहरूलाई लेख्न लगाउन सकिन्छ । यस पाठलाई श्रुतिलेखन गराइएको सामग्रीहरूलाई विद्यार्थीहरूले शुद्धसँग वर्णविन्यास मिलाएर लेख्न सके वा सकेनन् त्यसको शिक्षकले जाच्नु पर्दछ । त्यसैगरी यस पाठलाई सस्वरपठन गर्न लगाएर विद्यार्थीहरूलाई पाठसँग सम्वन्धित प्रश्नोत्तर लेख्न लगाउन सकिन्छ । त्यसैगरी यस पाठलाई मौनवाचन गर्न लगाएर पाठको सारांश लेख्न लगाउन सकिन्छ । यस पाठबाट वचन,लिङग, पुरुष, पदसङ्गति तथा आदर मिलेका वाक्यहरू विद्यार्थीहरूलाई देखाउँदै त्यस्तै प्रकारका अन्य वाक्यहरूको रचना गर्न लगाउन सकिन्छ । विद्यार्थीहरूको लेखाइ सीपको अध्ययन गर्न कक्षा कार्य गराइएको छ । - उक्त कक्षा कार्यलाई परिशिष्ट खण्डमा दिइएको छ ।

उक्त अध्ययनको निष्कर्षमा विद्यार्थीहरूले यस पाठलाई पढी मुख्य मुख्य कुराहरू लेख्न सकेको देखिन्छ । त्यसै गरी पठित शब्दहरूलाई सन्दर्भपूर्ण तरिकाले प्रयोग गरी वाक्य रचना गर्न सक्ने देखिन्छ । उक्त वाक्य रचनाबाट लिङ्ग्, वचन, पुरुष, आदर अनुसार पदसङ्गति मिलाइएको पाइन्छ । पाठ्यक्रमले लेखाइ सीप विकास गर्नका लागि राखेका उद्देश्यहरू यस पाठबाट पुरा हुने देखिन्छ ।

चलचित्र हेर्दाको पहिलो अनुभव पाठ कक्षा सातको नयाँ नेपाली शृङ्खला अन्तर्गतको संवाद हो । यस पाठलाई पनि लेखाइ सीपको विकासका लागि विद्यार्थीलाई अनुलेखन, श्रुतिलेखन, श्रुतिरचना, पाठको् सारांश लेखन जस्ता क्रियाकलापहरू गराउन सकिन्छ । त्यसैगरी यस पाठमा विद्यार्थीहरूको लेखन सीपको विकासका लागि एक एक वाक्यमा उत्तर लेख । एक एक अनुच्छेदमा उत्तर लेख साथै विशेष पङक्तिको व्याख्या गर जस्ता प्रश्नहरू सोधिएका छन् । यी प्रश्नहरूको उत्तर लेख्ने अभ्यास गर्दा विद्यार्थीहरूको लेखाइ सीपको विकास प्रसस्त हुने देखिन्छ । लेखाइ सीपको अध्ययनका निम्ति केही विद्यार्थीहरूमा गराइएको प्रश्नोत्तरको अध्ययन गर्दा विद्यार्थीहरूले लेख्य चिन्हहरूको केही मात्रामा गल्ती गरेका भएपनि श्रुतिलेखन र सारांश लेखन राम्ररी नै लेखेको पाइएको छ । त्यसैगरी पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न वचन,लिङ्ग पुरुष , पदसङ्गति तथा आदर मिलाई वाक्य रचना गर्न विद्यार्थीहरू सक्षम देखिन्छन् । समग्रमा पाठ्यक्रमले लेखाइ सीपका लागि राखेका उद्देश्यहरू यस पाठबाट पुरा हुने देखिन्छ ।

यी दुई पाठमा लेखाइ सीपको विकासका लागि हाम्रो नेपाली किताबको अभ्यासमा दिइएका क्रियाकलापहरू नयाँ नेपाली शृङ्खला भित्रको अभ्यासमा दिइएका क्रियाकलापहरू भन्दा बढी महत्त्वपूर्ण छन् किनभने त्यसमा विद्यार्थीहरूलाई बढी अभ्यास गर्ने मौका दिइएको छ ।

**लेखाइ सीपका आधारमा सन्दर्भमा जागिर भन्दा व्यापार वेश र सुखसयल भन्दा सादा जीवन राम्रो वादविवादको तुलनात्मक अध्ययन**

जागिर भन्दा व्यापार वेश पाठ सामुदायिक विद्यालयको हाम्रो नेपाली किताब भित्र समाविष्ट वादविवाद पाठ हो । वादविवादले मुलतः भाषाको कथ्य रूपमा जोड दिन्छ । तर नेपाली भाषा पाठ्यक्रमले वादविवाद पाठ राख्नुको उद्देश्य कथ्य सीपका अतिरिक्त लेख्य सीपमा जोडदिनु रहेको छ । त्यसैले कक्षा सातमा वादविवाद पढाउनुको उद्देश्य त्यस पाठलाई भाषाका चारवटै सीप आर्जन गर्न जोड दिनु हो । यस पाठलाई पहिलो सस्वरवाचन

त्यसपछि औपचारिक प्रतियोगिता गरिसकेपछि विद्यार्थीहरूलाई मौनवाचन गर्न लगाउनु पर्दछ। मौनवाचन पछि विद्यार्थीहरूलाई पाठका केही अंश पढी सारांश  लेख्न, श्रुतिलेखन गर्न र वादविवादका पक्ष वा विपक्षबाट भनिने भनाइ तयार पार्न लगाई भाषाको लेखाइ सीपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त पाठमा भएका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गर्न लगाइ शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ ।

यसैगरी सुखसयल भन्दा सादा जीवन राम्रो पाठ नयाँ नेपाली शृङ्खला कक्षा सात भित्र समाविष्ट छ । यस पाठबाट पनि भाषाका मौखिक सीपका साथै लेखाइ सीपको पनि विकास गर्न सकिन्छ । यस पाठको शिक्षण गर्दा शिक्षकले पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउन सकिन्छ । विद्यार्थीहरूलाई वाक्य रचना गर्न लगाउँदा वचन, लिङ्ग, पुरुष, पदसङ्गति तथा आदरको सङ्गति मिलाई लेख्य चिन्हको समुचित प्रयोग गरी शुद्धसँग वाक्य रचना गराउनु पर्दछ । यस पाठलाई मौनपठन गर्न लगाएर पक्ष वा विपक्षबाट भनिने भनाइ लेखनको अभ्यास गराउन सकिन्छ ।

यी दुवै पाठ्यपुस्तकका पाठभित्र विद्यार्थीको लेखाइ सीपको विकासका लागि अभ्यास खण्डमा राखिएका सामग्रीहरूले विद्यार्थीहरूको लेखाइ सीपको विकासमा जोड दिइएको पाइन्छ । लेखाइ सीपको विकासका लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू यी दुवै पुस्तकका पाठहरूबाट पूरा हुन सक्ने भएकाले दुवै पाठलाई उपयोगी मान्न सकिन्छ ।

# अध्याय : पाँच

# उपसंहार तथा निष्कर्ष

एउटै पाठ्यक्रममा आधारित एउटै कक्षाका एकै समयका दुई भाषा पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाका पाठहरूको आयाम तथा विषयवस्तु प्रयोगका दृष्टिले स्तरीयता र भाषिक सीपको तुलनात्मक विश्लेषण यस शोधपत्रको प्रमुख विषय हो । तसर्थ यी दुई पाठ्यपुस्तक वा विवेच्य पाठहरूको निष्कर्ष निम्नानुसार उल्लेख गरिएको छ :

## ५.१ हाम्रो नेपाली किताब कक्षा सातको रूपक विधा विश्लेषणको निष्कर्ष

१. नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०५८) द्वारा निर्धारित निम्न माध्यमिक तह कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाका पाठहरू पाठ्यक्रमले निर्धारण गरेको विधाको क्षेत्र र क्रम अनुसार छनोट र स्तरण गरिएको छ ।

२. पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्य पुरा गर्न तयार पारिएको हुन्छ । निम्न माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम (दो.सं. २०६४) मा कक्षा सातका लागि एउटा वादविवाद र एउटा संवाद समावेश गर्नुपर्ने उल्लेख छ । सो निर्देशनको पालना गरी हाम्रो नेपाली किताव मा पयर्टनको महत्त्व संवाद र जागिर भन्दा व्यापार वेश वादविवाद समावेश गरिएको पाइन्छ ।

३. हाम्रो नेपाली किताब पाठ्यपुस्तकमा जम्मा तेइस वटा पाठहरू मध्ये पाँचौ पाठमा संवाद र एघारौं पाठमा वादविवाद राखिएको छ । जुन विधाहरूको स्तरणका आधारमा हेर्दा उपयुक्त ठहर्छ ।

४. पाठ्यपुस्तक भित्र समावेश पाठ्यसामग्रीहरू कक्षाको स्तर, बालबालिकाको उमेर, रुचि, क्षमता र पाठ्यक्रमको उद्देश्य अनुरूप राखिएकाले पाठ्यसामग्री स्तरीय छन् ।

५. पाठ्यपुस्तक भित्रका पाठहरूको आयाम विद्यार्थी स्तर सुहाउँदो नै छ साथै पाठको विषयवस्तु आधुनिक व्यवहारिक र रोचक रहेका छन् ।

६. भाषिक सीप आर्जनका आधारमा हाम्रो नेपाली किताब कक्षा सात भित्र समाविष्ट रूपक विधाका पाठहरूबाट सुनाइ, बोलाइ पढाइ, लेखाइ सीपलाई समान महत्त्व दिइएको छ । तर कक्षाको तह विद्यार्थीको स्तर र पाठ्यक्रमको उद्देश्यलाई हेर्दा लेखाइ सीपमा बढी जोड दिनुपर्ने देखिन्छ ।

## ५.२ नयाँ नेपाली शृङ्खला कक्षा सातको रूपक विधा विश्लेषणको निष्कर्ष

संस्थागत विद्यालयले नेपाली भाषा पाठ्यपुस्तकका लागि उपयोगमा ल्याएको प्रा. डा. महादेव अवस्थी, डा. पारसमणि भण्डारी , लेखराज खतिवडा  तथा दुर्गाप्रसाद नेपाल लेखक तथा सम्पादक रहेको नयाँ नेपाली शृङ्खला भाग ६ एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. थापाथली काठमाडौ (२०५९) द्वारा प्रकाशित किताब भित्रका रूपक विधाका पाठहरूको स्तरीयता र भाषिक सीपका आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ :

१. पाठ्यपुस्तकको निर्माण पाठ्यपुस्तकको उद्देश्य पुरा गर्न तयार पारिएको हुन्छ । हरेक पाठ्यपुस्तकमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पुरा गर्न विषयवस्तुहरूको छनोट र स्तरण गरिन्छ । सो उद्देश्य परिपुर्तिका लागि निजी विद्यालयहरूले कक्षा सातका लागि उपयोगमा ल्याएको नयाँ नेपाली शुङ्खला भित्र चलचित्र हेर्दाको पहिलो अनुभव संवाद, सुखसयल भन्दा सादाजीवन राम्रो वादविवाद राखीएको छ । निम्न माध्यमिक तह नेपाली भाषा पाठ्यक्रम (वि.सं. २०६४) ले कक्षा सातको लागि एउटा संवाद र एउटा वादविवाद समावेश गरेको छ ।

२. नयाँ नेपाली शृङ्खला किताबमा जम्मा बाइसवटा पाठहरू मध्ये छैटौ पाठमा संवाद र उन्नाइसौ पाठमा वादविवाद समावेश गरिएको छ ।

३. नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधाका पाठहरूको कक्षागत स्तर, विद्यार्थीको उमेर र कक्षा सातको क्षमता भन्दा उच्च देखिन्छ ।

४. यस पाठ्यपुस्तकका रूपक विधाका पाठहरू भाषिक सीप आर्जनमा लेखाइ सीपलाई बढी जोड दिइएको पाइन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ सीपमा कम महत्त्व दिइएको देखिन्छ ।

## ५.३ हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट विवेच्य पाठहरूको तुलनात्मक अध्ययनको निष्कर्ष

१. हाम्रो नेपाली किताब कक्षा सातमा दुइवटा रूपक विधाका पाठहरू पाठ्यक्रमको निर्देशनका आधारमा राखिएको छ । त्यसै गरी नयाँ नेपाली शृङ्खला कक्षा सातमा दुईवटा रूपक विधाका पाठहरू राखिएको छ। नेपाली भाषा पाठ्यक्रम -दो.सं. २०६४) ले कक्षा सातमा जम्मा तेइस - एक्काइस पाठ सङ्ख्या निर्धारण गरेको छ।

२. यी दुई पाठ्यपुस्तक भित्रका रूपक विधाका पाठ्यसामग्रीहरू कक्षा सातका बालबालिकाको क्षमता, रुचि, स्तर भाषिक क्षमता आदिका आधारमा तुलना गर्दा नयाँ नेपाली शृङ्खला भाषा पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाका २ वटा पाठहरू विद्यार्थीहरूको क्षमताभन्दा माथिल्लो स्तरका झै देखिन्छन् भने हाम्रो नेपाली किताव भित्र समाविष्ट रूपक विधाका पाठहरू पाठ्यक्रमको निर्देशनको पालना गरी स्तर सुहाउँदो तरिकाले स्तरण गरिएको पाइन्छ।

३. पाठको आयाम एवम् विषयवस्तु प्रयोगका दृष्टिले हाम्रो नेपाली किताब कक्षा सात उपयोगी रहेको देखिन्छ भने नयाँ नेपाली शृङ्खला भित्रका रूपक विधाका पाठहरू विषयगत आधुनिकता, व्यावहारिकता एवम् रोचकताका दृष्टिले कम उपयोगी देखिन्छ ।

४. भाषाका सुनाइ, बोलाई, पढाई सीपका लागि हाम्रो नेपाली किताब भित्र प्रयुक्त पर्यटनको महत्त्व र जागिर भन्दा व्यापार वेस पाठहरू उपयोगी छन भने लेखाइ सीपका लागि कम प्राथमिकता दिइएको छ । नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधाका पाठहरू चलचित्र हेर्दाको पहिलो अनुभव संवाद र सुखसयल भन्दा सादा जीवन राम्रो वादविवादमा भाषाका सुनाइ, बोलाइ पढाइ सीपलाई भन्दा लेखाइ सीपलाई बढी जोड दिएको पाइन्छ ।

५. भाषा शिक्षण प्रयोजनका सन्दर्भमा यि दुवै भाषा पाठ्यपुस्तक भित्रका रूपक विद्याका संवादहरू पर्यटनको महत्त्व र चलचित्र हेर्दाको पहिलो अनुभव मध्ये पठन पाठनको दृष्टिले चलचित्र हेर्दाको पहिलो अनुभव अति कठीन रहेको छ । त्यसैगरी वादविवादहरू तार्किकताका दृष्टिले उपयोगी नै मानिन्छन् ।

## ५.४ हाम्रो नेपाली किताव कक्षा सातको रूपक विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू

**सबल पक्षहरू**

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको पाठ संख्या, विषयगत छनोट, कक्षाको स्तर र भाषिक क्षेत्र तथा अङ्कभार वितरणलाई ध्यानदिई पाठ्यपुस्तक तयार हुनु यसको सबल पक्ष मानिन्छ ।

२. पाठ्यक्रममा निर्धारण गरिएका साधारण उद्देश्य र विशिष्ट उद्देश्यलाई ध्यानमा राखी पाठ्यपुस्तकका विभिन्न विधाहरू समायोजन गरिनु यसको सबल पक्ष हो ।

३. पाठ्यसामग्री समय सापेक्ष, उपयोगी र व्यवहारिक बनाउनु र पठनकौशल, रचनाकौशल तथा शब्दभण्डारमा जोडदिनु यसको सबल पक्ष हो ।

४. प्राथमिक तह पारगरी माध्यमिक तहको पूर्वाधारका रूपमा रहेको विद्यार्थीहरूका लागि सिकाइको पूर्वक्षमता, आवश्यकता, रुचि र स्तर अनुरूप पाठ्यवस्तुको विकास गर्नु यसको सबल पक्ष हो ।

**दुर्बल पक्षहरू**

१. भाषिक सीपका सबै अङ्गको समान प्रयोग गर्न नसक्नु यसको दुर्बल पक्ष हो ।

२. लेखाइ सीपलाई मात्र बढी प्राथमिकता दिनु यसको दुर्बल पक्ष हो ।

## ५.५ नयाँ नेपाली शृङ्खला कक्षा सातको रूपक विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू

**सबल पक्षहरू**

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेका भाषाका विशिष्ट उद्देश्य प्राप्तिमा जोड दिनु यसको सबल पक्ष हो ।

२. नेपाली भाषा पाठ्यक्रमले तोके बमोजिम पाठसंख्या निर्धारण गर्न यसको सबल पक्ष हो ।

३. पाठ्यसामग्रीहरू व्यवहारिक, समयसापेक्ष र उपयोगी समावेश गर्नु र पठन कौशल, रचनाकौशल तथा शब्दभण्डारमा जोडदिनु यसको सबल पक्ष हो ।

**दुर्बलपक्षहरू**

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारणगरे अनुरूपका भाषिक क्षेत्र, पाठ्यवस्तु, विधागत चयनको सीमा नाघी विभिन्न विधाको समायोजन गर्नु यसको दुबल पक्ष हो ।

२. भाषाका सुनाइ, बोलाइ, पढाइ सीपलाई कम महत्त्व दिई लेखाइ सीपलाई बढी जोड दिनु यस पाठ्यपुस्ततको कमजोरी हो ।

**५.६ सुझावहरू**

१. भाषिक सीप आर्जनमा भाषाका अन्य विधा कथा, कविता, निबन्ध, प्रबन्ध र जीवनीले भन्दा रूपक विधाले बढी प्रभाव पर्ने हुँदा सबै विधाका समान सङ्ख्यामा पाठहरू समायोजन गरिनु उपयुक्त हुन्छ ।

२. निजी विधालयमा उपयोग गरिने पाठ्यपुस्तकहरू पाठ्यक्रमको निर्देशन अनुरूप तयार पारी नेपाल सरकारको सम्बन्धित निकाय बाट निरीक्षण पछि मात्र स्वीकृत गरी उपयोगमा ल्याइनु उपयुक्त हुन्छ ।

३. निम्न माध्यमिक तह (कक्षा ६, ७ र ८ ) मा रूपक विधाको संवाद र वादविवादमात्र होइन, वक्तृता, मनोवाद र एकाङ्कीहरूलाई पनि कक्षाको स्तर हेरी राखिनुपर्छ ।

४. नयाँ नेपाली शृङ्खला पाठ्यपुस्तक भित्रका रूपक विधाका पाठहरूमा लेखाइ सीपलाई जति प्राथमिकता दिएको छ त्यति नै मात्रमा अन्य सीपमा ध्यान पुऱ्याउनु पर्दछ ।

५. नयाँ नेपाली शृङ्खला पाठ्यपुस्तक भित्र प्रयोग गरिएका रूपक विधाका पाठहरूको आयाममा समानता हुनु आवश्यक छ । कक्षा सातका विद्याथीहरूको क्षमतालाई ख्याल गरी पाठहरूलाई स्तर अनुकुल बनाउनु पर्दछ ।

६. हाल प्रयोग भएका नेपाली भाषाका पाठ्यपुस्तकबाट रूपक विधामा पढाइ तथा सुनाइसँग सम्बन्धित उद्‌देश्य र कक्षामा गरिने क्रियाकलापहरू न्युन सङ्ख्यामा समावेश

भएकाले भाषिक सीपका सबै क्षेत्रमा समान जोड दिन भाषा विदहरूको ध्यान आकर्षण गरिन्छ ।

७. निजी विद्यालयमा नेपाली भाषामा बालबालिकाहरू पछि पर्नुको कारण स्तरीय नेपाली पाठ्यपुस्तकको कारण पनि हो । त्यसैले स्तरीय पाठ्यसामग्री प्रयोगमा ल्याउनु पर्ने कुरामा जोड दिइन्छ ।

८. हाम्रो नेपाली किताब पाठ्यपुस्तकमा लेखाइ सीपलाई तुलनात्मक रूपमा कम महत्त्व दिइएकोमा भाषाका चारैवटा सीपलाई महत्त्व दिनुपर्ने देखिन्छ ।

## ५.७ भावी अनुसन्धानका लागि रूपक विधाबाट लेख्न सकिने सम्बन्धित केही शीर्षकहरू

१. मेरो नेपाली माला कक्षा ८ र हाम्रो नेपाली किताब कक्षा ८ का रूपक विधाको तुलनात्मक अध्ययन ।

२. हाम्रो नेपाली किताव कक्षा ६ र हाम्रो नेपाली किताब कक्षा ७ मा समावेश गरिएका रूपक विधाका पाठहरूको पारस्परिक सम्बन्धको विश्लेषण ।

३. शैक्षणिक दृष्टीले हाम्रो नेपाली किताब कक्षा सातमा समाविष्ट रूपक विधाको अध्ययन ।

४. कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला मा प्रयुक्त रूपक विधाको तुलनात्मक अध्ययन ।

५. हाम्रो नेपाली किताब कक्षा सातमा प्रयुक्त रूपक विधाका पाठहरूबाट विद्यार्थीहरूले प्राप्त गर्ने शब्दभण्डारको अध्ययन तथा विश्लेषण ।

६. निम्नमाध्यमिक तहको नेपाली भाषा शिक्षणमा रूपक विद्याको आवश्यकता र महत्त्व ।

७. भाषिक सीप आर्जनका दृष्टीले हाम्रो नेपाली किताब कक्षा सातमा प्रयुक्त जीवनी र रूपक विधाको तुलनात्मक अध्ययन ।

८. हाम्रो नेपाली किताब कक्षा ६ मा प्रयुक्त रूपक विधाका पाठहरूबाट विद्यार्थीहरूले प्राप्त गर्ने शब्दभण्डारको अध्ययन तथा विश्लेषण ।

९. भाषिक सीप आर्जनका दृष्टिले हाम्रो नेपाली किताब कक्षा ६ मा प्रयुक्त जीवनी, रूपक विधाको तुलनात्मक अध्ययन ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०३९), **नेपाली भाषा शिक्षण**, काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

……………………..(२०५३), **नेपाली भाषाका केही परिपेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव र अन्य (२०५९), **नयाँ नेपाली शृङ्खला कक्षा सात**, काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

कार्की, गंगाबहादुर (२०५५), **कक्षा आठको हाम्रो नेपाली किताब मा प्रयुक्त अभ्यास हरूको विश्लेषण,** काठमाडौ : त्रि.वि.वि. अप्रकाशित शोधपत्र ।

खनाल, देवेन्द्रराम(२०५७), **हाम्रो नेपाली किताब कक्षा ८ मा समाविष्ट रूपक विधाको विश्लेषण,** काठमाडौ : महेन्द्ररत्न क्याम्पस ताहाचलमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

गौतम, दुर्गाप्रसाद (२०६५), **हाम्रो नेपाली किताब र मेरो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन**, मोरङः सुकुना बुहमुखी क्याम्पस, इन्द्रपुरमा प्रस्तुत अप्रकाशित शोध पत्र ।

चापागाँई नरेन्द्र(२०६४), **नेपाली शब्दसागर,** विराटनगरः श्यामपुस्तक भण्डार ।

जवरा, स्वर्यप्रकाश र अरु (२०६४), **पाठ्यक्रम योजना र अभ्यास**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार(२०६४), **निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (दो.सं)**, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०६४), **हाम्रो नेपाली किताब कक्षा सात,** शिक्षा मन्त्रालय, पाठ्यक्रम विकासकेन्द्र, सानोठिमी ।

पौडेल, रामप्रसाद (२०६१), **माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक**

**अध्ययन,** काठमाडौं : महेन्द्ररत्न क्याम्पस, ताहाचलमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

बन्धु, चुडामणि (२०४३), **भाषा विज्ञान**, काठमाडौं : साझा प्रकाशन :

शर्मा, केदारप्रसाद (२०५६), **प्रारम्भिक नेपाली शिक्षण (दो.स.)**, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

**परिशिष्ट : एक**

**विधाको क्षेत्र र क्रम तालिका**

| क्र.सं. | विधा | विधाको क्षेत्र |
|---|---|---|
| | | कक्षा ७ |
| १ | प्रबन्ध /निबन्ध | क) सामाजिक /सांस्कृतिक<br>ख) प्राकृतिक/वातावरणीय<br>ग) कलात्मक<br>घ) वैज्ञानिक/प्राविधिक<br>ङ) व्यवसाहिक |
| २ | कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग) पौराणिक/ऐतिहासिक कथा |
| ३ | जीवनी | राष्ट्रिय र अन्तराष्ट्रिय<br>क) साहित्यकार /कलाकार<br>ख) विद्वान - विचारहरू<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व |
| ४ | चिठी | क) घरायसी<br>ख) कार्यलयीय |
| ५. | रूपक | क) संवाद<br>ख) वादविवाद |
| ६. | कविता | लयवद्द<br>क) छन्दलय<br>ख) लोकलय<br>ग) गीतिलय |
| ७. | व्याकरण | क) लिङ्ग |

| | | |
|---|---|---|
| | अ) पदसङ्गति | ख) पुरुष<br>ग) वचन<br>घ) आदर |
| | आ) काल | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् |
| | इ) पक्ष | क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात |
| | ई) अर्थ वा भाव | क) सामान्यर्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ |
| | उ) वाक्य परिवर्तन | लिङग, वचन, पुरुष र अकरणका आधारमा |
| | ऊ) वाच्य परिवर्तन | क) कर्तृवाच्य<br>ख) कर्मवाच्य |
| | ए) शब्दवर्ग | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) क्रियायोगी, नामयोगी |
| | ऐ) कारक र विभक्ति | क) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग हुने<br>कारक (कर्ता र कर्म) |
| | ओ) लेख्य चिन्ह | क) पूर्णविराम<br>ख) प्रश्नचिन्ह<br>ग) अल्पविराम<br>घ) उद्गार चिन्ह |

| | | |
|---|---|---|
| | | ङ) योजक चिन्ह, कोष्ठक चिन्ह |
| | औ) वर्ण-विन्यास | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>ख) य/ए<br>ग) ब/व<br>घ) श, ब, स<br>ङ) ग्यँ, ज्ञ<br>च) त्र/ण/न<br>छ) पदयोग पदवियोग |
| ८ | शब्दभण्डार र उखान - टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान टुक्का समेत) | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसामभिन्नार्थी<br>घ) पारिभाषिक / प्राविधिक<br>ङ) अनुकरणात्मक<br>च) उखान टुक्का |

## परिशिष्ट : दुई

## विद्यार्थीहरूलाई सोधिएका प्रश्नहरू

१. 'पर्यटनको महत्त्व' संवादका मुख्यमुख्य घटनाहरू चारवटा बुँदामा भन ।

२. विद्यार्थी जीवनमा पर्यटनको के महत्त्व हुन्छ ?

३. नानु र सानुका विचार मध्ये तिमीलाई कुन विचार मन पऱ्यो ?

४. "बसन्त ऋतुमा पनि फूल नफुले कहिले फुल्छ त" यो कसले भनेको हो ?

५. चलचित्र हेर्दाको पहिलो अनुभव संवादका मुख्य मुख्य घटनाहरू तीन वाक्यमा भन ।

६. यस पाठमा भएका ठुलाठुला पोस्टर १०० वर्ण भन्दा बढी समय, मनोरञ्जन पदावलीहरूको प्रयोग गरी तीनवटा वाक्य भन ।

७. गंगाराम यादवले व्यक्त गरेका विचारहरू आफ्नै शब्दमा बताऊ ।

८. 'सुखसयल भन्दा सादाजीवन राम्रो' वादविवादमा अन्जु कार्कीले व्यक्त गरेका विचारहरू आफ्नै शब्दमा बताऊ ।

९. 'पर्यटनको महत्त्व' पाठ पढी सोधिएका प्रश्नको उत्तर देऊ :

क) नानु र सानुका बीच के कुरामा संवाद भएको पाइन्छ ?

ख) नेपालमा पर्यटन आउँदा नेपाललाई  के फाइदा हुन्छ ?

ग) निम्न शब्दहरूको वाक्यमा प्रयोग गर :

रमाइलो, पर्यटक, सभ्यता

९. 'चलचित्र हेर्दाको पहिलो अनुभव' पाठ पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर देऊ :

क) विदुर र महेशका बीच के का बारेमा संवाद भएको छ ?

ख) पहिलो पटक चलचित्र हेर्दा विदुरलाई कस्तो अनुभव भयो ?

ग) निम्न शब्दहरूको प्रयोग गरी वाक्य बनाऊ :

चलचित्र, कलाकार, अश्लील

१०. 'व्यापार भन्दा जागिर बेस' भन्ने पाठ मौनवाचन गरी नरेश श्रेष्ठको भनाइ अनुसार ४ वटा तर्क भन ।

११. तलका शब्दको अर्थ भन ।

कालोबजार , जिकिर, आपेक्ष